जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष १० अंक ४, २०७८ साल साउन १ गते शुक्रबार, नेपाल संवत् ११४१ (August 16, 2021) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

## चन्दले भेटे नेपाल र दाहाललाई

काठमाडौं । कांग्रेस सभापति शेरबहादुर देउवा नेतृत्वको सरकार गठन भएपछि नेपाल कम्युनिष्ट पार्टीका महासचिव नेत्रविक्रम चन्दले प्रमुख राजनीतिक दलका शीर्ष नेतासँगको भेटघाट बढाएका छन् । भेटवार्तामा तीन नेताबीच पछिल्लो समसामयिक राजनीतिक विषय सामान्य छलफल भएको थियो । चन्द नेतृत्वको पार्टीले केपी शर्मा ओली नेतृत्वको सरकारसँग गरेको तीन बुँदे सहमतिका विषयमा पनि छलफल भएको छ । तीन बुँदे सहमति गरेर मूलधारको राजनीतिमा आए पनि चन्द नेतृत्वको पार्टीका माग पूरा भएका छैनन् ।

## काठमाडौंमा अमेरिकी खोप

काठमाडौं । अमेरिकाले कोभ्याक्स कार्यक्रममार्फत उपलब्ध गराएको जोन्सन एन्ड जोन्सनको खोप काठमाडौं जिल्लामा साउन ४ गतेदेखि लगाउन सुरु गरिने भएको छ । कोभिड-१९ खोप कार्यक्रमलाई थप प्रभावकारी गर्न गठित समन्वय तथा अनुगमन समितिको बैठकले जिल्लाका ४४ वटा खोप केन्द्रबाट साउन ४-६ गतेसम्म जोन्सनको खोप लगाउने निर्णय गरेको हो ।

अमेरिकाबाट जोन्सन एन्ड जोन्सनको १५ लाख ३४ हजार ८५० डोज खोप **बाँकी ८ पेजमा**

# चुनौतीका चाङबीच देउवाको सत्तायात्रा

काठमाडौं । नेपाली राजनीतिका चतुर खेलाडी शेरबहादुर देउवा पाँचौं पटक सत्तामा 'इनिङ' भएका छन् । सर्वोच्च अदालतले गत सोमबार प्रधानमन्त्रीमा देउवालाई नियुक्त गर्न राष्ट्रपतिका नाममा परमादेश जारी गरेको थियो । साथै प्रतिनिधिसभा पुनःस्थापना गरी एक साताभित्र संसद अधिवेशन बोलाउन आदेश दिएको थियो । संविधानको धारा ७६ को उपधारा ५ बमोजिमको प्रधानमन्त्रीका लागि आह्वान भएपछि १४९ सांसदको हस्ताक्षरसहित दाबी गरेको आधारमा देउवालाई प्रधानमन्त्रीमा नियुक्त गर्न सर्वोच्च अदालतले परमादेश जारी गरेको थियो । मंगलबार ५ बजेभित्र देउवालाई नियुक्त गरिसक्न राष्ट्रपतिको कार्यालयका नाममा जारी परमादेशअनुसार राष्ट्रपति विद्यादेवी भण्डारीले देउवालाई पद तथा गोपनीयताको शपथ ग्रहण गराएपछि देउवा नेपालका ४३ औं प्रधानमन्त्री बनेका हुन् । यसअघि २०५२, २०५८, २०६१ र २०७४ सालमा देउवाले प्रधानमन्त्री पद सम्हालिसकेका छन् ।

वि.सं. २००३ सालमा डडेलधुराको असिग्राममा एक सामान्य परिवारमा जन्मिएका देउवाले राजनीतिशास्त्रमा एमए र कानुनमा स्नातक गरेका छन् । २०२८ सालमा नेपाल विद्यार्थी संघको प्रथम निर्वाचित सभापति एवं संस्थापक सदस्य रहेर उनले राजनीतिक यात्रा आरम्भ गरेका हुन् । ०४८ सालको संसदीय निर्वाचनमा डडेलधुराबाट विजयी भएपछि गिरिजाप्रसाद कोइरालाले उनलाई गृहमन्त्री बनाए । यहींदेखि उनले राजनीतिक शक्ति आर्जन गर्न सुरु गरेका हुन् । आरजु राणासँग वैवाहिक नाता जोडेपछि राणा खलकका ज्वाइँ बनेका देउवा आफ्नो निर्वाचन क्षेत्रबाट सधैं चुनाव जित्ने अपराजित उम्मेदवार समेत हुन् । यसैले यिनलाई 'पश्चिमका शेर' समेत भन्छन् कांग्रेसीहरू । कोइराला परिवारको हात समातेर राजनीतिमा अघि बढेका देउवा जब गिरिजासँग २०५७ को पोखरा महाधिवेशनमा सभापतिका लागि सिंगौरी खेलेका थिए त्यही बेला कोइराला परिवार इतरका मुख्य नायकको छवि बनाए । २०७२ सालमा सम्पन्न पार्टीको तेह्रौं महाधिवेशनमा कांग्रेसमा



कोइरालाहरूको विरासत तोड्दै कांग्रेस सभापति बन्न सफल भए ।

देउवाको प्रधानमन्त्रित्वकाल कहिल्यै विवादरहित रहेन । २०५२ सालमा एमाले अध्यक्ष मनमोहन अधिकारी नेतृत्वको अल्पमतको सरकार ढलेपछि देउवा पहिलो पटक संयुक्त सरकारको प्रधानमन्त्री बनेका थिए । ०५४ मा स्थानीय जनप्रतिनिधिको कार्यकाल ०५९ मा सकिँदै थियो । ६ साउन २०५८ मा देउवा दोस्रो पटक प्रधानमन्त्रीमा निर्वाचित भए । स्थानीय निकायको निर्वाचन उनले गराउनुपर्थ्यो । तर निर्वाचन उनको प्राथमिकतामा परेन । स्थानीय निकायको समय एक वर्ष थप्न सकिने संवैधानिक व्यवस्था भए पनि उनले बेवास्ता गरे । स्थानीय निकाय १५ वर्षसम्म कर्मचारीको हातमा पुग्यो । यिनलाई स्थानीय निकाय भंग गरेको आरोप लाग्यो । सोही समयमा प्रतिनिधिसभाको मध्यावधि निर्वाचन गराउन पनि यिनी असफल भए ।

पार्टीभित्रको अन्तरसंघर्षका कारण ८ जेठमा प्रतिनिधिसभा विघटन गरी देउवाले कात्तिक २७ मा मध्यावधि निर्वाचन गराउने घोषणा गरेका थिए । माओवादी सशस्त्र द्वन्द्वका कारण चुनावको वातावरण बनेन । २७ कात्तिकको चुनाव मंसिर ३ मा गर्ने उनको सिफारिस तत्कालीन राजा ज्ञानेन्द्रले अस्वीकार गर्दै उनलाई 'अक्षम' घोषणा गरिदिए । देउवा नेतृत्वको सरकार भंग गर्दै राजाले कार्यकारी अधिकार आफ्ना हातमा लिए । प्रतिनिधिसभालाई किस्तीमा राखेर दरबारलाई बुझाएको देउवामाथि आरोप लाग्यो ।

यसअघि पनि उनले आफ्नो सत्ता जोगाउन सांसद खरिद बिक्री र प्राडो पजेरो संस्कृति भित्र्याएर संसदीय व्यवस्थालाई नै विद्रुप बनाउने हर्कत गरेका कारण देउवा निकै आलोचित बनेका थिए । देउवाको प्रधानमन्त्रित्वकालमा महँगी, कमिशन र भ्रष्टाचारले साम्राज्य कायम गरेको पाइन्छ । भारतलाई महाकाली नदी चढाएर 'राष्ट्रघात' गरेका देउवाले देश र जनताका पक्षमा उल्लेख्य काम गरेको पाइँदैन । अहिले पनि उनले केही जनहितका काम गर्लान् कि भन्ने जनअपेक्षा रहे पनि उनी अप्ठेरो परिस्थितिमा **बाँकी ८ पेजमा**

## लामो दूरीमा गाडीभाडा बढ्यो

काठमाडौं । सरकारले लामो दूरीमा चल्ने सवारीको भाडादर बढाएको छ । राष्ट्रिय यातायात व्यवसायी महासंघका महासचिव सरोज सिटौलाका अनुसार सरकारले २० देखि २८ प्रतिशतसम्म भाडा बढाएको हो ।

निवर्तमान भौतिक पूर्वाधार तथा यातायात मन्त्री बसन्त नेम्बाङको मन्त्रीस्तरीय निर्णयबाट सार्वजनिक यातायातको भाडादर कायम गरिएको छ । सरकारले यात्रुवाहक सवारीमा २८ प्रतिशत, पहाडी बाटोमा सञ्चालन हुने मालवाहक सवारीको भाडा २० प्रतिशत र तराईको बाटोमा सञ्चालन हुने मालवाहक सवारीको भाडा २६ प्रतिशतसम्म भाडा वृद्धि गरिएको छ ।

## मालेले गर्‍यो महत्वपूर्ण निर्णय

काठमाडौं । नेकपा मालेले सर्वोच्च अदालतबाट हालै भएको फैसलाबारे गम्भीर ध्यानाकर्षण भई महासचिव सीपी मैनालीको संयोजकत्वमा आकस्मिक बैठक बसी केही महत्वपूर्ण निर्णयहरू एक विज्ञप्तिमार्फत सार्वजनिक गरेको छ । महासचिव मैनालीद्वारा हस्ताक्षरित विज्ञप्तिमा भनिएको छ- 'यही असार २८ गते, मन्त्रिपरिषदको सिफारिसमा राष्ट्रपतिबाट यही जेठ ७ गते भएको प्रतिनिधिसभा विघटन गरी आउँदो कात्तिक र मंसिरमा निर्वाचन गर्ने र संविधानको धारा ७६ (५) अन्तरगत नयाँ सरकार गठन गर्नेसम्बन्धी विचाराधीन मुद्दामा सर्वोच्च अदालतबाट गरिएको फैसलाले नेकपा (माले) को ध्यान गम्भीरतापूर्वक आकर्षित गरेको छ । यसै सम्बन्धमा पार्टीको स्थायी समितिको भर्चुअल बैठक महासचिव क.सी.पी.मैनालीको संचालनमा सम्पन्न भएको छ, जसका निर्णयहरूलाई यस प्रेस-बक्तब्यमार्फत् सार्वजनिक गरिएको छ । १. यही जेठ ७ गते केपी ओली सरकारबाट प्रतिनिधिसभाको विघटन गरी निर्वाचनमा जाने निर्णय ओलीको **बाँकी ८ पेजमा**

## एमाले एकता फेरि सकसमा

काठमाडौं । सर्वोच्च अदालतको परमादेशले सत्ताबाट बाहिरिएका निवर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीले आफ्नै पार्टीका वरिष्ठ नेता माधवकुमार नेपाललाई 'राष्ट्रिय गद्दार' को संज्ञा दिएका छन् । बालुवाटार छोडेर निजी निवास बालकोट पुगेका ओलीले नेपाललाई अब एमालेमा कुनै ठाउँ नरहेको घोषणा समेत गरेका छन् । आफू सत्ताबाट बाहिरिनुमा माधव नेपाल नै प्रमुख कारक रहेको भनाइ ओलीले सार्वजनिक गरेका हुन् । ओलीको



अभिव्यक्ति यद्यपि आधिकारिक नभए पनि यसले एमाले एकतालाई जटिल बनाएको विश्लेषण गरिँदैछ ।

मंगलबार बालबोट निजी निवासमा कार्यकर्ताहरूलाई सम्बोधन गर्दै ओलीले नेपालको राजनीतिक चरित्रकै धज्जी उडाए । **बाँकी ८ पेजमा**

## ११ महिनामा पौने ९ खर्ब रेमिटयान्स भित्रियो

चालु आथिक वषका ११ माहनामा ८ खर्ब ७० अर्ब ९४ करोड रुपैयाँ रेमिटयान्स भित्रिएको छ । नेपाल राष्ट्र बैंकले आज सार्वजनिक गरेको देशको आर्थिक वित्तीय अवस्थामा उक्त रकम रेमिटयान्समार्फत नेपाल भित्रिएको उल्लेख गरेको छ ।

समीक्षा अवधिमा रेमिटयान्स आप्रवाह १२.६ प्रातशतल वृद्धि भइ ८ खब ७० अर्ब ९४ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा रेमिटयान्स आप्रवाह ३.२ प्रतिशतले घटेको थियो ।

अमेरिकी डलरमा रेमिटयान्स आप्रवाह १०.४ प्रतिशतले वृद्धि भई ७ अर्ब ३९ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो आप्रवाह ५.२ **बाँकी ८ पेजमा**

## संसद ६ पटक विघटन, चार पटक पुनर्स्थापना

काठमाडौं । नेपालको संसदीय इतिहासमा हालसम्म ६ पटक प्रतिनिधिसभा विघटन भएका छन् । तीमध्ये चार पटकका विघटन बदर र दुई पटकका सदर भएका छन् । विघटित प्रतिनिधिसभा तीनपटक सर्वोच्च अदालतमार्फत र एकपटक जनआन्दोलनमार्फत पुनर्स्थापित भएको संघीय संसद सचिवालयले जनाएको छ ।

पहिलो पटक वि.सं. २०५१ मा तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले प्रतिनिधिसभा विघटनको सिफारिस गरेका थिए । वि.सं. २०५१ असार २७ गते तत्कालीन राजा वीरेन्द्रबाट सो सिफारिस सदर गरिएको थियो । आर्थिक वर्ष २०५१।०५२ को सरकारको नीति तथा कार्यक्रममाथि छलफलपश्चात् पारित गर्न वि.सं. २०५१ असार २६ गते प्रतिनिधिसभाको बैठक बसेको थियो । सो बैठकमा नीति तथा कार्यक्रम पारित गर्न प्रस्ताव हुँदा पक्षमा ७४ र विपक्षमा ८६ मत परी अस्वीकृत



भएको थियो । त्यसपछि तत्कालीन प्रधानमन्त्री कोइरालाले राजीनामा दिनुका साथै नेपाल अधिराज्यको संविधान २०४७ बमोजिम प्रतिनिधिसभा विघटन गरी वि.सं. २०५१ कात्तिक २७ गते आमनिर्वाचनका लागि मिति तोक्न सिफारिस भएबमोजिम प्रतिनिधिसभा विघटन भएको थियो ।

वि.सं. २०५१ मंसिर १३ गते नेकपा एमाले संसदीय दलका नेता मनमोहन अधिकारी सबैभन्दा बढी सदस्य भएको दलको नेताको हैसियतले प्रधानमन्त्रीमा नियुक्त भए । विकसित राजनीतिक घटनाक्रमसँगै वि.सं. २०५२ जेठ २६ गते प्रधानमन्त्री अधिकारीले प्रतिनिधिसभा विघटन गर्न तत्कालीन राजासमक्ष सिफारिस गरेपछि जेठ ३० गते प्रतिनिधिसभा **बाँकी ८ पेजमा**

## कोरोनाविरूद्ध खोप कसले नलगाउने ?

काठमाडौं । [illegible] संक्रमणविरुद्ध खोप अभियान जारी छ । खोप कस्तो व्यक्तिले लगाउने र कस्तो व्यक्तिले लगाउन नमिल्ने भन्ने विषयमा ध्यान दिन जरुरी छ । केही खोप केन्द्रहरूले उमेर मात्रै सोधेर खोप उपलब्ध गराउने **बाँकी ८ पेजमा**

## गच्छदार झुल्किए

काठमाडौं । ललितानिवास जग्गा हिनामिनासम्बन्धी मुद्दामा डेढ वर्षदेखि 'फरार' रहेका कांग्रेस उपसभापति विजयकुमार गच्छदार पार्टी सभापति शेरबहादुर देउवा प्रधानमन्त्री भएको भोलिपल्टै अदालतमा उपस्थित भएका छन् । नौ करोड ६५ लाख ७६ हजार बिगो दाबी रहेको सो मुद्दामा विशेष अदालतले उनलाई १० लाख रुपैयाँ धरौटीमा छाड्ने आदेश दिएको छ । बुधबार नै धरौटी बुझाएर गच्छदार छुटेका छन् ।

## प्रतिष्ठानद्वारा पीडितहरूलाई सहयोग




काठमाडौं । गत वैशाख १५ बाट कोभिडको कारण लकडाउन भएपछि र मेलम्ची क्षेत्रमा बाढीपहिरोले जनताको घरजग्गा बगाएपछि सुरेन्द्र ढकाल प्रतिष्ठानले विभिन्न सहयोग गरी पीडितहरूको घाउमा थोरै मात्र भए पनि मलहम लगाउने कार्य गरेको छ । सोअनुरुप गत वैशाख २४ गतेका दिन भक्तपुर सूर्यविनायकस्थित ४ मजदुर परिवारलाई रु. १० हजार बराबरको खाद्य सामग्री वितरण गरिएको थियो ।




उक्त कार्यको भक्तपुरस्थित सामाजिक कार्यकर्ता दुर्गा रानाले संयोजन गर्नुभएको थियो । त्यसैगरी जेठ महिनाको २० गते जनजागरण मेडियाको संयोजनमा पशुपति तिलगंगा क्षेत्रमा रहेका ३०० जना गरिब गुरुवालाई खाना खुवाउन प्रतिष्ठानले रु. १५ हजार सहयोग गर्‍यो । सोही संस्थाको संयोजनमा प्रतिष्ठानले **बाँकी ८ पेजमा**

## भ्रष्टाचारका तह



**पूर्ण ओली (पूर्वमहासेनानी)**

नेपालको अहिलेको अवस्था आउनुमा भ्रष्टाचार नै प्रमुख कारण हो । नेताहरूले निर्वाचनमा जनतालाई जे जस्तो आश्वासनको पुलिन्दा बाँडे पनि निर्वाचन जितिसकेपछि आफ्ना एजेण्डालाई पन्छाइन्छ । अनि कसरी पैसा कमाउने, आफ्ना गुटका नजिक मान्छेलाई कसरी नियुक्ति र सुविधा दिनेमा नै सम्पूर्ण समय खर्च गर्ने गरेका छन् ।

योजना आयोगमा ठूला योजना बन्छन् । आयोजना प्रमुखमा पनि मोलतोलद्वारा नियुक्त गरी उनीहरूबाट कमिसन असुल्ने गरिन्छ । साथै योजनालाई ढिलासुस्ती गर्दै योजनाको रकममा वृद्धि गर्ने गरिन्छ । त्यस्तै गरेर मन्त्रिपरिषदको निर्णय भन्दै नीतिगत भ्रष्टाचार गर्ने, महत्वपूर्ण पदहरूमा नियुक्ति सरुवा बढुवामा पनि ठूलाठूला ब्रिफकेसमा नगद लैजाने गरिएका कुरा पनि सबै मिडियामा आइसकेका हुन् ।

हामीले बिगतदेखि अहिलेसम्मका नेताहरूबाट गरेका ठूला भ्रष्टाचारका काण्डहरू प्रायः सबै बाहिर आइसके पनि लोकतन्त्रको नाममा भाँडतन्त्र आइसकेपछि कारबाहीको दायरामा ल्याएर अरु देशमा जस्तो कुनै पनि नेताहरूको सम्पति जफत गर्ने र जेल हाल्ने काम भएका छैनन् । अहिलेसम्म कारबाही गर्ने कुनै लक्षण पनि देखिँदैन ।

अहिले नेताहरूमा देखिएका ठूला भ्रष्टाचारका काण्ड नेताहरूमा मात्र होइन कर्मचारीहरूमा पनि त्यत्तिकै देखिन्छन् । यो पङ्तिकार जागिरको सिलसिलामा नेपालका विभिन्न जिल्लामा कार्यरत रहँदा विभिन्न प्रशासकहरूका गतिविधिलाई नजिकबाट नियाल्ने अवसर पाएको छ । खासगरी जिल्लामा सबै अधिकार सम्पन्न र कर्तव्यसहित रहेका जिल्ला प्रशासक जिल्लाको सबै किसिमका विकास र सुधारमा प्रतिबद्ध हुनुपर्छ । उनीहरूबाट सामाजिक सुधारका क्रियाकलापदेखि सर्वसाधरणका समस्या समाधान गरी न्याय दिनुपर्ने हुन्छ । तर कतिपय प्रशासकहरू जिल्लामा पुग्न पाएका छैनन्, कोबाट कसरी फाइदा लिन सकिन्छ, कसरी पैसा कमाउन सकिन्छ भनेर त्यतापट्टि नै बढी ध्यान दिएका देखिन्छन् ।

पंचायती व्यवस्थादेखि नै राजस्व अन्तर्गत रहेका भन्सार, कर, अन्तशुल्क तथा मालपोत कार्यलयमा भ्रष्टाचार हुने गरेका बाहिर **बाँकी ८ पेजमा**




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाईं

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

बजार व्यवस्थापन
रामशरण रिमाल

सम्पादन सहयोगी
गोविन्द विक

**आजीवन सल्लाहकार**

योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. मुकुन्द रञ्जित, श्री बुद्धिनारायण श्रेष्ठ, श्री घनश्याम राजकर्णिकार, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, ई.श्री नरेन्द्रभूपाल मल्ल श्री सुष्मा वज्र(ाचार्य, ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्झना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल) आ. रूपेश श्रेष्ठ

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

### सर्वोच्चको फैसलाको सन्देश

असार २८ गते सर्वोच्च अदालतले गरेको फैसलाले संविधानभन्दा माथि कोही पनि हुँदैनन् भन्ने ऐतिहासिक सन्देश प्रवाह गरेको छ । राष्ट्रपति विद्यादेवी भण्डारी र तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले जनताको वारेश प्रतिनिधि सभालाई दुई पटकसम्म विघटन गरी संविधानको सर्वोच्चतालाई बेवास्ता गरे । नेपालको संविधान २०७२ ले प्रधानमन्त्रीलाई सनकका भरमा प्रतिनिधिसभा विघटन गर्ने कहीँ कतै छुट दिएको छैन । तर प्रधानमन्त्री ओलीले आफूमा रहेको अवशिष्ट अधिकार भन्दै सभामुखलाई सुइँको नदिई आफूप्रति अनुग्रहित राष्ट्रपति भण्डारीमार्फत गत पुस ५ गते प्रतिनिधिसभा विघटन गर्न सिफारिस गरे । राष्ट्रपति भण्डारीले विपक्षी दलहरूलगायत कानुनविदहरूसँग कुनै विचारविमर्श गर्न आवश्यक नठानी ओलीको सिफारिसलाई सदर गर्दै प्रतिनिधिसभा विघटन गरिदिइन् । विघटनविरूद्धका रिटहरू उपर लामो सनुवाईपछि सर्वोच्च अदालतको संवैधानिक इजलासले फागुन ११ गते प्रतिनिधिसभालाई पुनर्स्थापना गर्ने फैसला सुनायो ।

फैसलाको पूर्णपाठ नआउँदै फेरि प्रधानमन्त्री ओलीले दोस्रो पटक प्रतिनिधिसभा विघटनको सिफारिस राष्ट्रपतिसमक्ष गरे । राष्ट्रपति भण्डारीले जेठ ८ गते मध्यरातमा पुनः प्रतिनिधिसभा विघटन गरिदिइन् र निर्वाचनको मिति समेत तोकिन् । यसबेलासम्म प्रधानमन्त्री ओली संसदमा विश्वासको मत गुमाएर कामचलाउ प्रधानमन्त्रीको हैसियतमा पुगिसकेका थिए । कामचलाउ प्रधानमन्त्रीले विघटनको सिफारिस गर्नु संविधानको बर्खिलाफमा थियो । उनैले धारा ७६ (५) अनुसार बहुमत दाबी गरेर प्रधानमन्त्री चयनको प्रक्रिया थाल्न राष्ट्रपतिलाई सिफारिस गर्दै आफू प्रक्रियाबाट हटेको (मार्ग प्रशस्त गरेको) भने अनि मसँग बहुमत छ भन्दै शितलनिवास पुगे । यता विपक्षी गठबन्धनले नेपाली कांग्रेसका संसदीय दलका नेता शेरबहादुर देउवालाई प्रधानमन्त्रीमा नियुक्त गर्न १४९ सांसदको हस्ताक्षरसहित राष्ट्रपतिको कार्यालय पुगे । तर राष्ट्रपति भण्डारीले 'आधार नपुगेको' भन्दै देउवालाई नियुक्त गर्न चाहिनन् । बरू ओली र देउवा दुवैको दाबीलाई अस्वीकार गर्दै प्रतिनिधिसभा भंग गरिदिइन् । संसदमै स्पष्ट अल्पमतमा परेका प्रधानमन्त्रीले कसरी जादुको छडीझैँ बहुमत पुऱ्याए भनेर राष्ट्रपतिले खोजी गरिनन् । ओलीको दाबीलाई अस्वीकार गरी देउवालाई प्रधानमन्त्रीमा नियुक्त गरेर परीक्षणका लागि प्रतिनिधिसभामा राष्ट्रपतिले पठाउनुपर्नेमा संसद नै विघटन गरिदिइन् । विपक्षी गठबन्धनका १४६ सांसदहरू सर्वोच्च अदालतको ढोका ढक्ढक्याउन पुगे । अन्ततः सर्वोच्चको संवैधानिक इजलासले शेरबहादुर देउवालाई दुई दिनभित्र प्रधानमन्त्रीमा नियुक्त गर्न र सात दिनभित्र अर्थात् साउन ३ गते प्रतिनिधिसभाको अधिवेशन आह्वान गर्न र नियमित बैठक बस्न निर्णय सुनायो । सर्वोच्चको यो फैसलाले ओलीलाई सत्ता बहिर्गमन गरायो भने देउवालाई पुनरागमन ।

गत संघीय निर्वाचनमा दुईतिहाई नजिक बहुमत पाएर सत्तारोहण गरेका ओलीले ४१ महिनामै बालुवाटार छोड्नु परेको छ । पाँच वर्षको कार्यकाल पाएका ओलीले एमाले र माओवादी केन्द्र मिलेर बनेको नेकपालाई व्यवस्थापन गर्न नसक्दा न त नेकपा रह्यो न प्रधानमन्त्री पद । सर्वोच्चले नेकपा एकतालाई बदर गरी एमाले र माओवादी केन्द्र ब्युँताएपछि पनि अध्यक्षका नाताले एमालेभित्रको विवादलाई मिलाउनुभन्दा आफूलाई शक्तिशाली बनाउँदै आफ्नो आलोचना गर्नेलाई भित्तामा पुऱ्याउने ओली रणनीतिले अन्ततः उनलाई नै अहिले सत्ताबाट बहिर्गमन गराएर सडकमा पुऱ्याएको छ । नेपाली जनताले कम्युनिस्टहरूलाई पत्याएर जुन अभिमत जाहेर गरेका थिए, अहिले त्यो खण्डित मात्र भएको छैन, नेपालकै कम्युनिस्ट आन्दोलन तहसनहस भएको छ । सर्वोच्चको फैसलाले आहत बनेका ओलीले डेढ वर्षपछि फेरि सत्तामा फर्किने आत्मरति सुनाए पनि जनताले अब विश्वास गर्ने भरपर्दो आधार भने देखिँदैन ।

# उखान चरितार्थ हुँदा ओली चैट



**सुरेन्द्र ढकाल**

नेपाली भाषामा भएको ३ वटा उखान अहिले चरितार्थ भएको छ। पहिलो उत्ताउलो गाई समसाँझै बाघले खाई, दोस्रो वानरको हातमा नरिवल अनि तेस्रो वानर आफ्नो घर पनि बनाउँदैन अर्काको घर पनि भत्काउँछ। यी तीनै कुरा ओलीले चरितार्थ गरेर देखाएका छन्। जानी दुश्मन माओवादीसँग एकता गर्ने पनि ओली, साढे दुई वर्ष पालैपालो प्रधानमन्त्री चलाउने सम्झौता गर्ने पनि ओली, अनि सम्झौता पालन नगर्ने पनि ओली, पार्टीको विधिविधान नमान्ने पनि ओली, संसद भंग गर्ने अनि धमाधम अध्यादेश जारी गर्दै शासन चलाउने पनि ओली, भ्रष्टाचारीको मुख हेर्दिनँ भन्ने पनि ओली अनि वाइडबडीलगायत दर्जनौं भ्रष्टाचारको काण्ड घटाउने पनि ओली, सम्पन्न नभएका आयोजनाहरू धमाधम उद्घाटन गर्ने पनि ओली, आयोजनाहरू शिलान्यास गर्दै वेवारिसी रुपमा छोड्ने पनि ओली। के यी कुराहरू उनका उत्ताउलापन होइनन्।

आफूलाई बिरालो ठानी प्रचण्ड, माधव र झलनाथलाई मुसाझैँ खेलाउने पनि ओली, राष्ट्रपतिलाई आफ्नो रबर स्टाम्प बनाउने पनि ओली, आफूलाई प्रखर राष्ट्रवादी देखाउने अनि रअको प्रमुखलाई आधारातमा बालुवाटारमा बोलाएर भारतीय ग्राण्ड डिजाइनमा चली आफ्नो पार्टीलाई क्षतविक्षत पार्ने पनि ओली, नागरिकता अध्यादेश, चुरे गिट्टी बालुवा निर्यात गर्ने भनी भारतको अगाडि लम्पसार पर्ने पनि ओली, नेपाललाई फिजी, भुटान हुँदै सिक्किम बनाउने बाटोमा लैजाने पनि ओली। दुई तिहाई बहुमतको आफ्नो दललाई अल्पमतमा पुऱ्याउने पनि ओली, नेपाल भन्ने घर बन्न पनि नदिने अनि बनेको देशलाई सिक्किमतिर धकेल्न खोज्ने पनि ओली वानर नभए के हुन् त ?

**हिजो कृष्णप्रसाद बालुवाटारबाट निस्कँदा छाता र ट्यांका लिएर निस्केका थिए । अहिले ओली बालुवाटारबाट निस्कँदा हजारौं मोटरसाइकलको लस्कर लिएर बालकोटतिर लागे । यी मोटरसाइकलले डढाएको हरेक थोपा पेट्रोलले यी पर्यावरणका शत्रुहरूलाई कति पोल्ने छ भन्ने कुरा समयले नै बताउला ।**

सुखी समृध्द नेपालको नारा दिने अनि कोरोना र बाढीपहिरो पीडित जनताको दुःख पीर मर्काप्रति संवेदनशील नभई कर थोपर्ने, आफू अपदस्थ भएर जाँदाजाँदै यातायात भाडामा २८ प्रतिशतसम्म वृद्धि गरी जनताको ढाड सेक्ने पनि ओली, जनताका छोरीहरू बलात्कार गरी हत्या गर्नेलाई संरक्षण गर्ने पनि ओली। ओलीको उत्ताउलो वानरीपनलाई सर्वोच्च अदालतले एकपछि अर्को गर्दै कोर्रा नलगाएको भए सायद यही ओलीको बाँकी शासनकालमा नेपाल भन्ने देशको अस्तित्व समाप्त हुन्थ्यो होला।

देशको राष्ट्रपति पनि एमालेको र प्रधानमन्त्री पनि एमालेको भएको बेलामा जनताले मदन र आश्रितको हत्यारा पत्ता लगाउने जोडदार माग गरेका थिए। त्यतातिर सिन्को पनि भाँच्न नखोज्नुले हत्याराका मतियार कतै यिनीहरू दुवै त होइनन् भनेर जनताले यही ओली र विद्यामाथि औंलो ठड्याएका छन्। हिजो कृष्णप्रसाद बालुवाटारबाट निस्कँदा छाता र ट्यांका लिएर निस्केका थिए। अहिले ओली बालुवाटारबाट निस्कँदा हजारौं मोटरसाइकलको लस्कर लिएर बालकोटतिर लागे। यी मोटरसाइकलले डढाएको हरेक थोपा पेट्रोलले यी पर्यावरणका शत्रुहरूलाई कति पोल्ने छ भन्ने कुरा समयले नै बताउला।

मातृभूमि, पृथ्वी माता र पर्यावरणप्रति संवेदनशील नहुने यस्ता नेताहरूलाई खोजी खोजी दण्ड गर्ने जुन दिन आउँछ, त्यही दिनबाट ओलीरुपी वानर प्रवृत्तिको अन्त्य हुनेछ। अनि मात्रै राजनीति सफा भई समृद्ध नेपाल र सुखी नेपाली बन्ने छन्। उखान हालेको भरमा राजनीति गर्नेलाई उखानैले सखाप बनाउँदो रहेछ भन्ने कुरा अन्ततः चरितार्थ भएको छ। ओलीको राजनीतिक जीवन चैट भएको छ। त्यसकारण उखानले देश चल्दैन भन्ने कुरा सबै राजनीति गर्नेले बुझ्नु जरुरी छ।

# भऱ्याङ अर्थात् खुड्किलाहरू



**अम्बराज मिश्र**

यो खुड्किला भन्ने शब्द आफैंमा रोमान्चित एवम् दुःखदायीको अर्थ झल्किने हुन्छ। खुड्किलोमा उभो लागे सफलतातिर लम्कने र उँधोतिर लागे दुःखतिर जाने हुन्छ। सबैको चाहना लगभग उँभो चढ्नेतिर नै हुन्छ। तलतिर जाने माग वा प्रस्ताव कसैको नहोला। उँभो र उँधो परिस्थितिले गराउने हो भन्दैमा कर्म गर्न छाडेमा उँधो लाग्ने पक्का छ। परिस्थिति पनि दुई किसिमको हुन्छ- प्राकृतिक र कृत्रिम

तपाई हामीले कर्म गर्दै जाँदा प्राकृतिक हमलाबाट क्षतविक्षत हुन जान्छ, तर प्राकृतिक हमला भने कुनै व्यक्ति विशेषलाई तोकेर गरिएको हुँदैन। कर्म नगरी खुड्किलो हिँड्न कोसिस गरियो भने अपवादमा बाहेक ऊ असफल नै हुन्छ। यो पनि पक्का हो। खुड्किलाहरू पनि धेरै किसिमका हुन्छन्

जस्तै :- घरको भऱ्याङ (सिढी), रुख चढ्ने भऱ्याङ, गाडीको भऱ्याङ, हेलिकप्टरको भऱ्याङ, हवाईजहाजको भऱ्याङ, जीवन सफलीभूत बनाउने भऱ्याङ, ओरालो झर्ने पनि उहीँ प्रकारले लिन सकिन्छ। भऱ्याङ माटो, ढुँगा, काठपात, बाँस, फलाम, सुन, चाँदी र शिक्षा वा कर्मबाट बनेको वा बनाइएको हुन्छ। यो खुड्किलो अर्थात भऱ्याङ जुनसुकै बस्तुले बनेको भए तापनि त्यस्को बनावटको भरपर्दो कार्यदक्षतामा भर पर्दछ। कमजोर वा अब्बल तरिकाले बनाइएको भऱ्याङको कुनै अर्थ रहँदैन। यहाँ मानव जीवनलाई लक्षित गरेर भऱ्याङ (खुड्किलो) को वर्णन गरिएको छ।

मानवको जीवन भनेको जँगली युगदेखि मंगल ग्रहसम्मको यात्राको लागि ज्ञानविज्ञानमार्फत यिनै मानवले खोज गरी प्रगतिपथमा लम्किएको हामी बीचमा छर्लङ्ग छ। यस बीचको यात्रा नै भऱ्याङ (खुड्किला) ले साथ दिएको बुझिन्छ। हरेक आविष्कारको लागि कुनै एक विषयमा लगनशिलताका साथ लागि पर्नु नै प्रगतीपथमा बढ्नु हो। लगनले मानिसलाई एक न एक दिन लक्षमा पुग्न साथ दिन्छ।

मानवले मानवलाई मात्र उपयोग हुने समसाधन आविष्कार गर्दैनन्। प्राणी जगतको हित, चराचरको हित, भूमिको हित, बोटविरुवाको हित, खोलानाला पानी, ढुँगामाटोको हित हुने खालका खोज गरेर आफू सँगसँगै सफल जीवनको लागि, लागि परेका हुन्छन्।

यो सबैको गन्तव्य भनेकै भऱ्याङको खुड्किलोले काम गरेको हुन्छ। तपाईं हामी आफ्ना सन्तानलाई कसरी, कुन तरिकाले लक्षमा लिएर हिँड्न सक्छौं ? त्यसको प्राप्त परिणामले नै मूल्यांकन गर्ने गर्दछ। सफलताको लागि, लागि पर्नुस, सफल होइन्छ नै। तपाईका सन्तान सफल हुनु भनेको नै अविभावक सफल हुनु हो। त्यसरी नै यी भनेका मानवका कुरा भए। अब देश बनाउने खुड्किलोको कुरा गरौं।

नेपाल भन्ने नाम अहिलेका गणतान्त्रिक नेताले राखेको नाम होइन। २००-२५० सय वर्षपहिले जतिखेर शिक्षा के हो भन्ने पनि थाहा थिएन होला, त्यो पनि नेपालमा। जतिखेर २२ से २४ से राज्यहरूलाई एकीकरण गरेर राजा पृथ्वीनारायण शाहले नेपाल नामको देश बनाए। त्यसताका एकीकरण गर्ने क्रममा कत्तिको दुःख झेल्नुपऱ्यो होला पृथ्वीनारायण शाहले। आज त्यही नेपाललाई दोहन गरी फेरि २२ से २४ से राज्यमा विभक्त गराउन लागि परेका बुज्रुक पढेलेखेका डाक्टरदेखि फिलोसोफरहरू लागि पर्नुभएको छ। जनता मारेर, राज्यको भौतिक संरचनाहरू ध्वस्त पारेर सानो राष्ट्रलाई प्रादेशिक देश भनेर चिनाउनेको नाममा, ब्रम्हलुट गरेर सम्पति कुम्ल्याउन, भइरहेको आफ्नो सनातन हिन्दु धर्मका सन्तान भएर, माता पितालाई बिर्सेर पैसाको नाममा धर्मनिरपेक्षतिर लगिएको छ। अझ भन्नु पर्दा क्रिस्चियन धर्मलाई प्राथमिकता दिइएको छ। हाम्रा नेपालीहरू जो जो त्यस क्रिस्चियन धर्ममा लाग्नु हुने दाजु भाइलाई प्रश्न राख्न चाहन्छु कि तपाईका माता पिताहरूको धर्म पनि पहिलेदेखि नै क्रिस्चियन थियो ? कि हिन्दु धर्ममा नै हुनुहुन्थ्यो ? पक्कै पनि हिन्दुधर्मावलम्बी नै हुनुपर्छ।

हिन्दु धर्मले तपाईलाई धर्म गरेन भनेर हो ?, हिन्दु धर्मले पैसा दिएन भनेर हो ?, माता पिताको धर्म छाडेर यस धर्ममा लाग्नु भएको ? कि स्वतन्त्राको लागि स्वतन्त्र खोजेको हो ?

होइन भने विश्वमा एक मात्र हिन्दु धर्म चिनिएर रहेको देश नेपाललाई पहिचानको रुपमा पनि हिन्दु धर्मको राष्ट्र रहँदा के बिग्रन्थ्यो ?

हिन्दुधर्मका सन्तानहरू हामी माता पिताको आशिर्वादबाट टाढा भाग्नाले नै आज हाम्रो देश बिना मियाको दाइँको देश भएको छ। जस्ले जे गरे पनि सबैलाई छुट देखिन्छ। अन्ततः देश कसैको कब्जामा नरहने भयो। बिदेशीले चलखेल गर्न पाउने भए। हामीले पनि आफ्नो हातबाट देशलाई बचाउन नसक्ने स्थिति छ।

राजारजौटाहरूले देश बिगारे, देशको अर्थतन्त्र धरासायी बनाए भनेर केही समूहहरू भूमिगत भए, देशको सुरक्षा व्यवस्थालाई धरासायी बनाएर जनतालाई सपनाको खोले खुवाएर दिग्भ्रमित बनाएर भएका संरचनाहरू ध्वस्त बनाए, कति जनताहरू हताहत भए, कतिको सिन्दुर पुछिए, कति टुहुरा भए आखिर केका लागि भन्दा त आफू सत्तामा गएर ब्रम्हलुट गर्नु रहेछ। राष्ट्र र जनताप्रति भन्दा पनि सन्तानप्रति लम्पसार भएको पाइएको छ। यही हो त गणतन्त्रको उपलब्धि ? जनताको माग यही थियो त ? राष्ट्रले खोजेको यही हो त ?

आजभोलि त घरको कुखुरा मारिदा पनि चक्काजाम ! लोग्नेस्वास्नी झगडा हुँदा पनि चक्काजाम ! हे भगवान देश कता जाँदैछ ? कस्को हातमा पर्दैछ ? भोलि नेपाल भन्ने हाम्रो देश रहला नरहला भन्ने चिन्ता छ।

गणतन्त्रवादीहरूको अदूरदर्शिता, गुरुहरूको शिक्षाको शिक्षण प्रणाली, अविभावकहरूको सन्तानहरूलाई दिइने शिक्षाको खुड्किलो (भऱ्याङ) को बनावट कमजोर रहेको सावित भइ नै सक्यो। अब पनि केही गर्न सक्छौ त ?

# खड्ग ओलीको प्रवृत्ति र उनका केही हस्तीहरू (३)

■ **सुदर्शन प्रधान**

द्धितिय - खड्ग ओली सरकारका भुमिसुधार मन्त्री पद्यमा आर्यालले २०७६ असार तिर तनहुँ जिल्ला स्थित दुले गौँडा को एक सभामा भनीन् "अब तपाईंहरूको जग्गा जमिन नापी हुन्छ र दशैं अगबै लालपूर्जा पाउनु हुन्छ..." लालपुर्जा नपाएर आक्रान्त दुई दशक अघिदेखि वसोवास गरेका यहाँका हजारौं जनता आक्रान्त बनेका छन्।

मन्त्रिको सार्वजानिक आश्वासन पछि यहाँका जनताले आशा र भरोसा गरे तर २०७६ को दशैं तिहार मात्र हैन २०७७ को दशैं तिहार पनि वित्यो। मन्त्रीको झुठा आश्वासन विरुद्ध जग्गानापी हुन पर्छ भन्दै यहाँका जनता आन्दोलनमा उत्रीए,प्रहरी दमन र धरपकडले हजारौं जनताले दुखकष्ट पाए। आफुले गर्न सक्ने कार्य वोलेपछी पुरागर्न त्यसमा खटिरहनुपर्छ। अन्यथा पदबाट राजिनामा दिन पर्छ भन्ने चेत पद्यमा आर्यालहरूलाई कहिले आउँछ ? बरु झुठा आश्वासन वाड्दै, जनतालाई भुल भुलैयामा राखीरहने, सत्तामा टिकिरहने र ब्रम्हलुट गरीरहने तीनको प्रवृती देखिन्छ।

त्यसरी नै तीनै पक्ष्दमा आर्यालले २०७७ चैत्र महिनाको सुरुतिर पार्टी भित्रको अन्तरविरोध बारे झलनाथ, माधव कुमार नेपाल समुहतिर इगीत गर्दै खह्रा र दह्रा कुरामा ऋषी धमलासँग भनिन् "... पार्टीमा वहुमत पुऱ्याएर उहाँहरूले आफ्नो बिचार पासगर्दा हुन्छ नी, किन पार्टी फुटाउन पऱ्यो?....." यो कुरा खड्ग ओलीमाथी लागुहुन्छ की हुदैन ? किनकी २०७७ मंसिरको अन्त देखी पौषको सुरुसम्म नेकपा भित्रको अन्तरविरोध उत्कर्षमा पुगेपछी पार्टीको स्थाई समितिको बैठक र केन्द्रीय समितिको बैठकमा पनि खड्ग प्रसाद ओली उपस्थित नभई पौष ५ गते संसद विघटन गर्न पुगेको थियो। पार्टी पद्धती र नीति विरुद्ध मात्र होइन उनले त नेपालको संघीय संविधान समेत नष्ट गर्न दुश्प्रयास गरे। त्यसबेला ओलीले पार्टीमा बहुमत पुऱ्याएर अगाडी वढ्न किन सकेन ? आफुलाई कानुन भन्दा माथी देख्ने रणा र राजाहरू झै ओली र उनको हस्तीहरूका मानसिकता छ। जुन प्रवृती अस्तित्वमा रहुन्जेल राष्ट्र र जनताले पिडा भोगिरहन्छ। तर तिनको पतन ध्रुवसत्य छ। इतिहासमा जर्मनेली हिटलर जस्तो वलवान शक्तिको पनि पतन भयो। जव स्तालिन नेतृत्वको सोभियत सँघका लालसेनाले धावा बोल्यो।

तृतीय - २५ फाल्गुन २०७७ मा सर्वोच्च अदालतले ऋषी कट्टेलको नेपाल कम्युनिष्टलाई स्थापीत गरेर नेकपा लाई पूर्व अवस्थामा फर्काएपछी भनौं नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) हुनपर्ने अवस्था सिर्जीएपछि गण्डकी प्रदेशको मुख्य मन्त्री पृथ्वी सुब्बा गुरुङ्गले भने"......... अव एमाले पार्टीले ६ वटा प्रदेशहरूमा एकलौटी सरकार बनाउन सक्छ, जुन सरकार गठन गर्न कुनैपनि पार्टीको आवश्यक पर्दैन भएको माओवादी केन्द्रका मंत्रीहरूपनि वाहिर जादा कुनै फरक पर्दैन..........." पृथ्वी सुब्बाले वोलेको लगत्तै फाल्गुन २८ मा प्र. म. खड्ग प्रसाद ओलीले एमाले पार्टीकोआफ्ना समर्थक स्थाई समितिको बैठक बसी झलनाथ-माधव नेपाल समुहलाई पन्छाउनेर पुर्व नेकपा(माओवादी केन्द्र)का २३ जन नेृताहरूलाई भित्रयाउने मनेमानी निर्णयहरू गरे। जुन बेठकमा खड्ग ओलीका विचार र व्यवहारहरूलाई पृथ्वी सुब्बाले हुवहु परिपालना गर्ने प्रतिवध्दता जनायो, भिन्न विचार र पार्टी एकताका मुलआधारहरू वारे कुनै अभिमत र विचारहरू व्यक्त गर्न सकेनन्।

नेकपा (एमाले) स्थापना गर्न र त्यसको राष्ट्रव्यापी विकास हुन अनी नेकपा (एमाले) बनेर सत्ताको नेतृत्व गर्न झलनाथ खनाल र माधब कुमार नेपालको ठुलो योगदान र लामो पृष्ठभुमि छ। अधी पार्टीको नेतृत्व उनैले गरेका हुन, प्रधानमन्त्रि बनेका घटना त सामन्य हो। जुनकारणले एमाले पार्टीमा उनिहरूका प्रभाव र पकड जर्वजस्त छ।

क्रमशः

# मैले देखेको १६७ औं विश्व पर्यटकीय केन्द्र

# जर्मनीस्थित आखन शहरको क्याथेड्रल

सुरेन्द्र ढकाल



आखनको क्याथेड्रल बाहिरबाट हेर्दा



क्याथेड्रलको गोलाकार दलिनसहितको प्रार्थनाकक्ष



डोमभित्रको अष्टकोणे (ओटागोनल) कक्ष



डोमभित्रको ढलोटका कलात्मक रेलिङ



डोमभित्रको कलात्मक सिसाका झ्यालहरू




डोमभित्रको मोज्याक कलाकृति



डोमभित्रको स्टेज (अल्टर)



डोमको अष्टकोणे कलात्मक दलिन



डोममा रहेको संगीत यन्त्र (कोर)

भोलिपल्ट जनवरी २०, २००८ का दिन बिहान ब्रेकफाष्ट सकी करिब १० बजेतिर म जर्मनीको आखन शहरको क्याथेड्रल अवलोकन गर्ने र दिउँसो किण्डर मिसन भेर्कका पदाधिकारीहरूसँग क्याथेड्रल अगाडिको रेष्टुराँमा दिउँसोका खाना खाने कार्यक्रम भएअनुसार गेस्टहाउसबाट निस्की सोझै क्याथेड्रलतर्फ लागें। करिब १० मिनेटको हिँडाइमै म क्याथेड्रलको प्रवेशद्वार अगाडि पुगिसकेको थिएँ।

**आखन शहरको क्याथेड्रल**

जर्मन भाषामा यो क्याथेड्रललाई आखेनर डोम भनिँदो रहेछ। युरोपकै पुरानो क्याथोलिक चर्चहरूमध्ये एकमा गनिने यो डोम पवित्र रोमन साम्राज्यकालमा बनेको रहेछ। रोमन सम्राटद्वारा सन ८३४ मा बनेको यस डोममा रोमन सम्राटलाई समाधिस्त गरिएको रहेछ। पछि सन् ९३६ देखि १५३१ सम्म भएका ३१ जना जर्मन सम्राटहरूको राज्याभिषेक पनि यही डोममा भएको रहेछ। सन् १८०२ देखि भने आखेनको विसप (डिओचेस) को मुख्य गिर्जाघर **(Mother church)** को रुपमा स्थापित रहेछ। इतिहास खोतल्दै जाँदा यस डोमको निर्माण सन ७९६ तिरै शुरु भएको बताइँदो रहेछ जसको श्रेय ओडो अफ मेत्व्ज **(Odo of Metz)** लाई जाँदो रहेछ।

यो डोमको निर्माण कहिले सम्पन्न भयो भन्नेबारे स्पष्ट कतै उल्लेख नभए तापनि यसको गजुर **(Chapel)** को वास्तुपूजा भने पोप लेओ तेस्रोले सन् ८०५ मा गरेको उल्लेख रहेछ। पछि आठौं शताब्दिको अन्त्यतिर फलाम ढाल्ने साँचो ल्याएर डोमको फलामका ढोका, रेलिङ र शालिक बोक्ने घोडाहरू बनाइएको रहेछ। यही डोममा रोमन सम्राट चार्लेमाग्नेको चिहान राखिएको कारण पनि यो डोम युरोप प्रशिद्ध हुन पुगेको रहेछ।

सन ८८१ मा भाइकिङको आक्रमणमा क्षतिग्रस्त भएको यो डोमको सन् ९८३ मा पुनर्निर्माण गरिएको रहेछ। सन् ११६५ मा फ्रेडरिक वारवारोसाको पार्थिव शरीरलाई यहाँ समाधिस्थ गरेपछि यो डोम तिर्थस्थल बन्न पुगेको रहेछ र तिर्थ यात्रीहरूको यति घुइँचो भएछ कि ती सबै अटाउन भनेर सन् १३५५ मा यो डोमभित्र वारोक शैलीका विशाल हल **(Choir Hall)** र दुइवटा सिसाको गजुर **(Glass chapel)** थपिएको रहेछ। सन १८८१ मा यस डोमको पुनर्निर्माण गर्दा पुरानो प्लास्टर हटाइ डोमको भित्तालाई मौलिक स्वरुप दिइएको रहेछ।


दोस्रो विश्वयुद्धकालमा अमेरिका लगायत एलाइड पावरको बमबाट जगबाहेक सम्पूर्ण डोम नराम्ररी ध्वस्त भएको रहेछ। त्यसबखत ओसार्न सकिने पुरातात्विक तथा कलात्मक वस्तुलाई अन्तै लगेर संरक्षण गरिएको र ओसार्न नमिल्ने वस्तुहरू त्यही डोममा नै छाडिएको रहेछ। यसरी ध्वस्त भएको डोमको १४औं शताब्दिको प्रार्थना तथा संगीत कक्ष **(Choir hall)**, गोथिक शैलीको हलको स्टेज **(Alter)** र साना पवित्र गजुरहरू **(Holiness Chapel)** लाई पुनर्निर्माण गरी दुरुस्त बनाउन ३० वर्ष र त्यतिबेलाको ४ करोड युरो लागेको रहेछ।

सन १९७८ यसको पुनर्निर्माण सकिएलगत्तै यो डोम युनेस्कोको विश्व सम्पदा सूचीमा परेको रहेछ। डोमको वास्तु शैलीको कुरा गर्दा यहाँ दुई शैलीको मिश्रण पाइँदो रहेछ। पहिलो शैली भनेको रोमन कारोलिन्ज्यान **(Carolingian)** को गजुर **(Chapel)** शैली र दोस्रो चाहिँ गोथिक शैलीको विशाल प्रार्थना तथा संगीत हल रहेछ। क्याथेड्रलको बीचमा रहेको अष्टकोण **(Octagen)** मा डिजाइन गरिएको भित्री कक्षहरू त्यतिखेरको नामुद विजाइन्टाइन शैलीमा सन ७९६ र ८०५ को बीचतिर बनेको रहेछ। यसलाई वास्तुविद ओडो अप मेट्च्जले डिजाइन गरेका रहेछन्। प्यालेटाइन स्यापेल **(Palatine chapel)** नामक दुईतले यी अष्टकोणे कक्षहरूको भित्री गोलाइ साढे १४ मिटर रहेछ। माथिल्लो तलालाई होख म्युन्स्टर **(High Church)** भनिँदो रहेछ। दुई तलालाई विशाल दलिनहरूले धनुषाकार शैलीमा छुट्याएको रहेछ।

रोमन सम्राटको गद्दी प्रार्थनाकक्ष **(Palatine chapel)** को दोस्रो तलामा रहेको स्टेज **(Alter)** को अष्टकोणे कक्षमा सजाइएको रहेछ। माथिल्लो तलामा रहेका कलात्मक कक्ष ग्यालेरीहरूलाई स्तम्भहरूको लहर **(Grid of columns)** ले छुट्याएको निकै आर्कषक रहेछ। यी प्राचीन स्तम्भहरू जर्मनीको कोलोनलगायत इटलीको रोम र अन्य विभिन्न स्थलमा रहेका क्याथेड्रलहरूबाट आठौं शताब्दिमा ल्याइएको रहेछ।

सन १७९४ मा फ्रेन्चहरूले कब्जा गरी यी स्तम्भहरूलाई पेरिस पुऱ्याएका रहेछन् पछि १८१५ मा तीमध्ये केहीलाई पेरिसको लुभ्रेबाट आखेन फिर्ता ल्याइएको रहेछ। डोमको दलिनमा गरिएको क्राइष्टको विजय नामक मोज्याक कलाकृतिहरू निकै मनमोहक रहेछ। रोमन मोडेलमा बनाइएका डोमभित्रका ढलोटका रेलिङहरू १२०० वर्ष पुरानो भनिँदो रहेछ। डोमको कलात्मक सिसाकाहरू झ्यालहरू निकै आर्कषक रहेछन्। करिब दुई घण्टाजति क्याथेड्रलमा बिताइ, किण्डर मिसनभेर्कका पदाधिकारीहरूसँग दिउँसोको खाना खाई त्यही दिन फ्रान्कफर्ट आई राति १० बजेको विमानद्वारा दोहा हुँदै जनवरी २१ का दिन म काठमाडौं फर्किए।

# नेपाली क्रान्तिको न्यूनतम कार्यक्रम पूरा गर्ने रणनीति तथा कार्यनीतिहरू




■ शम्भुराम श्रेष्ठ

यदि हामीहरूलाई स्वयंस्फुर्तताको दलदलमा फस्नु छैन भने अन्धकारमा रुमलिनु छैन भने, सबभन्दा पहिले हामीहरूले क्रान्तिका मुख्य शक्तिहरू कुन कुन हुन्, मुख्य मित्र शक्तिहरू कुन कुन हुन् र क्रान्तिका संघर्षहरूमा लडिने खास थलो के कस्तो छ ? ती कुराहरूलाई हामीले पूरापूर अध्ययन गरी राम्ररी बुझ्नु ठम्याउनुपर्छ। अनि मात्रै हामीहरूले संघर्षका रुप र शैलीसमेत समाहित रणनीतिक योजना तर्जुमा गर्न सक्ने छौं।'

'यसरी तर्जुमा गरिने रणनीति संघर्षका कारबाहीहरू एक अर्कासँग असम्बन्धित कार्यनीतिहरूको सामान्य संकलन मात्र नभई सम्पूर्ण रुपमा एउटै सिंगो, सजीवात्मक कार्ययोजना बनेको हुन्छ जसमा कार्यनीतिहरू सबका सब नै एक अर्कासँग घनिष्ट रुपले जोडिएको र एक अर्कोमाथि आश्रित हुनाको साथसाथै एउटाले अर्कोलाई बल पुऱ्याउँदै सघाउँदै सम्पूर्ण रुपमा क्रान्तिकारी संघर्षलाई नै अघि बढाउँदै तल्लो तहबाट माथिल्लो तहमा उकाल्दै रणनीतिलाई सफल तुल्याउने क्रममा कार्यरत भएका हुन्छन्। छोटोमा भन्ने हो भने सिंगो क्रान्तिलाई नै हामीले संगठित पार्नु परेको छ।'

'जहाँसम्म यस राष्ट्रिय जनतान्त्रिक क्रान्तिका प्रमुख दुश्मन शक्तिहरू कुन कुन हुन् भन्ने कुराको सवाल छ, ती त बाह्य रुपले भारतीय विस्तारवाद र आन्तरिक रुपले सामन्तवाद हुन् भन्ने प्रस्ट भइ नै सकेको छ। तीबाहेक यहाँका दलाल तथा नोकरशाही पुँजीपतिहरू पनि दुश्मन शक्ति हुन्। अन्तर्राष्ट्रिय रुपले अमेरिकी साम्राज्यवाद यस क्रान्तिको एक दुश्मन शक्ति हो, किनभने यसले नेपाललाई आफ्नो नव उपनिवेश बनाउने प्रयास गरिरहेको छ।'

'जहाँसम्म यस राष्ट्रिय जनतान्त्रिक क्रान्ति पक्षका शक्तिहरूको सवाल छ, नेपाली मजदुर वर्ग हालसम्म संख्यात्मक रुपले जतिसुकै सानो भए तापनि यो यस क्रान्तिको मुख्य नेतृत्वदायी तथा प्रेरक शक्ति हो। नेपालमा अत्यधिक रुपले बहुसंख्यामा रहेको विशाल किसान समुदाय यो क्रान्तिको ढाड तथा निर्णायक शक्ति हो। यी बाहेक विभिन्न फाँटका श्रमजीवी दस्तकारहरू र देशका युवा विद्यार्थीहरू पनि क्रान्ति पक्षका एकदमै तगडा, भरपर्दा र प्रभावशाली शक्तिहरू हुन्। प्रगतिशील बुद्धिजीवीहरू, लेखक, कलाकारहरू, सरकारी तथा गैरसरकारी न्यून वैतनिक कर्मचारीहरू, राष्ट्रिय पुँजीपतिहरू, साहू महाजनहरू र देशभक्त भूमिपतिहरू पनि यस क्रान्तिका मित्रहरू हुन्। बाह्य रुपले भारतका मजदुर एवं कम्युनिस्टहरू लगायत सम्पूर्ण भारतीय जनता नेपाली क्रान्तिका महत्वपूर्ण मित्रशक्ति हुन्। यीबाहेक युरोप र उत्तरी अमेरिकाका मजदुर तथा कम्युनिस्ट लगायत प्रगतिशील जनसमुदायहरूको साथसाथै एसिया, अफ्रिका तथा ल्याटिन अमेरिकाका आआफ्नो राष्टितथा ल्याटिन अमेरिकाका आआफ्नो राष्ट्रिय स्वाधीनता निम्ति लडिरहेका समस्त जनताहरू पनि यस क्रान्तिका भरपर्दा मित्रशक्ति हुन्।'

'मुख्य गरेर नेपालको राष्ट्रिय जनतान्त्रिक क्रान्तिका पक्ष विपक्षका आन्तरिक तथा बाह्य शक्तिहरू तिनै हुन्। तिनीहरूका सापेक्ष स्थितिको अध्ययनबाट यस क्रान्तिको पक्षमा अत्यधिक रुपले बढी संख्यक भएको प्रस्ट हुन्छ। अतः यस क्रान्तिको विजय आन्तरिक रुपले मात्र होइन, बाह्य रुपले पनि निश्चित छ। तर यसको अर्थ यो कदापि होइन कि क्रान्ति पक्षका यी शक्तिहरू अहिले नै वास्तविक शक्ति भइसकेका छन्, यी त वास्तवमा अहिले सम्भाव्य शक्ति मात्रै हुन्, जसलाई व्यापक परिचालनद्वारा वास्तविक शक्तिको रुपमा विकसित गर्नुछ।

'नेपाली क्रान्ति रणनीति तथा कार्यनीतिहरू र संघर्षका तथा शैलीहरूको निर्धारणमा नेपालको भौगोलिक बनोट र भूराजनीतिक स्थितिले एकदमै ठूलो प्रभाव पार्ने कुरा स्पष्ट छ।'

'जहाँसम्म नेपालको भौगोलिक बनोटको सवाल छ, नेपाल पूर्व-पश्चिम लम्चिएको ५५० माइल लम्बाइ तर उत्तर दक्षिण मुश्किलले ५० माइल चौडाइ भएको चारपाटे आकारको मुलुक जो चीन र भारतको बीचमा अवस्थित सानो, भूपरिवेष्ठित पनि छ। यसलाई उत्तरमा हिमाली, माझमा पहाडी र दक्षिणमा समथर तराई क्षेत्र गरी तीन खण्डमा विभाजित गर्न सकिन्छ।

हिमाली क्षेत्रले नेपालको तीन खण्डको एक खण्ड भूभाग ओगेटेको भए तापनि यसको सबैजसो भूभाग वर्षभरि नै हिउँले ढाकिरहने भएकाले यो क्षेत्र मानिसहरूको बसोबास र आवागमनको निम्ति उपयुक्त छैन। यसै कारणले नेपालको कुल जनसंख्याको सानो भाग मात्र यहाँ बसोबास गर्छ। माझको पहाडी क्षेत्र हरिया डाँडाकाँडाले भरिएको अति नै स्वस्थकर र नेपालको सबभन्दा बढ्ता जनसंख्याले बसोबास गरेको क्षेत्र भएको छ। तर पनि यहाँ आवागमनको निम्ति बाटाघाटाको एकदमै व्यवस्था नभएकाले यो सिंगै क्षेत्र नै दुर्गम क्षेत्र जस्तै भएको छ। समथर तराई क्षेत्रले चुरे डाँडाको दक्षिणी फेददेखि भारतसितको सिमानासम्मको भूभागलाई ओगेटेको छ, जसमध्ये चुरेको दक्षिणी फेददेखि १५-२० माइल दक्षिण मेचीदेखि महाकालीसम्मकै जमिन 'चार कोसे झाडी' को नामले प्रख्यात घना जंगल थियो, तर अहिले ८० प्रतिशतभन्दा बढ्ता मासिइसकेको छ।'

कविता

## रोपाइँ



● प्रेम ओली
(ढकलपुरे)


मैले धान रोपेको त धानै फल्छ
कहिलै सुन फलेन
सुन फलेको भए पो हुन्थ्यो
यो धानले त गृहस्थी नै चलेन ।

आधी धान त बिऊ मल किन्दा नै जान्छ
आधीको आधी छर्दा, काट्दा, दाइँ गर्दा
त्यो मेसिनलाई जान्छ
बाँकी रहेको अन्नले बर्ष दिन कसरी धान्छ ?
सरकार अनुदानका कुरा गर्छ
कृषकलाई सस्तो ब्याजको कुरा गर्छ
तर न काम गर्छ, न वचनहरु पूरा गर्छ ।

बरु धान खेती छाडेर
राजनीति थालेको त्यो सुन्भाले
अहिले साँच्चै सुनै सुन पो लाउँछ
हैन उसले कसरी सुन फलाउँछ ?

हामीले धानका बाला लाउँछौं
उसले सधैं सुनका बाला लाउँछ
केही नगर्ने हरिलठ्ठकलाई
यो सब कहाँबाट आउँछ ?
हरेक बर्ष रोपाइँ मनाउन आउँछ
कहिले घाँटीमा पाँचतोले सिक्री लाउँछ
कहिले कानमा दुई चार तोला झुन्ड्याउँछ
हामी रातदिन खटेर
बर्ष दिन खान धौ धौ भाको छ
उसले हेर, सधैं मार्सी भात खाको छ
खै हाम्रा देउता अर्कै, नेताका देउतै अर्कै हुन् कि ?
हाम्रा भन्दा यिनका देउता पो धनी छन् कि ?
यो कृषि पर धान देशको के कुरा गर्नु
यो देशका नेताको पनि कति कुरा गर्नु
ल जाऔं बूढी खेतमा, नगरी हातमुख के जुट्थ्यो
लौ नेता पनि रोपाइँ गर्न आएजस्तो छ
चुनाव पनि आउने हल्ला छ, रोपाइँमा के छुट्थ्यो ।

## स्कुस स्वास्थ्यका लागि लाभकारी



स्कुस बहुउपयोगी तरकारी हो। यो प्रायः सबैका घर-आँगनमा सजिलै फल्छ। यो तरकारी अरु तरकारीको तुलनामा सस्तो, स्वादिलो, सुपाच्य र स्वास्थ्यकर मानिन्छ। स्कुसको मुन्टा, फल र जरा सबै स्वाद फेर्दै खान सकिन्छ। त्यससँगै स्कुस धेरै मात्रामा उत्पादन हुने भएकाले यसले हाम्रो खाद्य भण्डारलाई पनि समृद्ध बनाएको छ। मुख्य कुरा, स्कुस स्वास्थ्यका लागि पोषिलो मानिन्छ। स्कुसलाई तरकारी बनाएर, उसिनेर वा मःम बनाएर खाँदा पनि हुन्छ। यसलाई अनेकथरी परिकार बनाएर खान सकिन्छ। स्कुस निकै उपयोगी तरकारी हो। मानव स्वास्थ्यका लागि स्कुस एउटा बहुउपयोगी खानेकुरा हो। स्कुस लौका प्रजातिको एक प्रकारको तरकारी हो। यसको उब्जनीको व्याख्या गर्ने हो भने यो विशेषतः मेक्सिको र ल्याटिन अमेरिकी देशहरूबाट उत्पत्ति भएको तरकारी हो। यसको उत्पादन अहिले त विश्वभरि नै फैलिएको छ। एन्टिअक्सिडेन्ट र विभिन्न पोषक तत्वहरूसहितको यो तरकारी स्वास्थ्यका लागि अत्यधिक लाभ प्रदान गर्ने तरकारी हो भन्दा पनि फरक नपर्ला।

**स्कुसका निम्न फाइदाहरू छन् :**

स्कुसमा पोषक तत्व बढी पाइन्छ। किनकि यसमा विभिन्न प्रकारका भिटामिन, खनिज, र फाइबरहरू पाउन सकिन्छ। जुन हाम्रो शरीरको लागि अत्यावश्यक छ। जस्तै, एउटा २०० ग्रामको स्कुसमा निम्नलिखित पोषकतत्व पाइन्छ।

क्यालोरी ३९, कार्बोहाइड्रेड ९ ग्राम, प्रोटिन २ ग्राम, भिटामिन सी २६ प्रतिशत, कपर १२ प्रतिशत, पोटासियम ७ प्रतिशत, म्याग्नेसियम ५ प्रतिशत प्राप्त हुन्छ। यस्तो खाले पोषक तत्वका साथसाथै स्कुसमा कम क्यालोरी, फ्याट, सोडियम र कार्बोहाइड्रेड हुने गर्छ। त्यस्तै, शरीरलाई स्वस्थ बनाउनको लागि यो सहायक सिद्ध हुन्छ।

एन्टिअक्सिडन्टको उपलब्धता : यसलाई शरीरमा चाहिने एन्टिअक्सिडेन्टको प्रचुरताका कारण पनि अति गुनिलो तरकारीको रूपमा मान्ने गरिन्छ। एन्टिअक्सिडेन्ट विभिन्न प्रकारका खाद्य पदार्थहरूमा पाइन्छ, जसले हाम्रो शरीरको तन्तुहरूमा हुने असरबाट बचाउँछ भने यसले शरीरभित्र हुन सक्ने तनावलाई पनि कम गर्ने गर्छ।

यिनीहरूमध्ये स्कुसमा माइरिसेटिन सबैभन्दा अधिक मात्रामा पाइन्छ। विभिन्न अनुसन्धान अनुसार माइरिसेटिन क्यान्सरप्रतिरोधी छ साथै यसले मधुमेह र जलन पनि कम गर्छ। स्कुस भिटामिन सीको एउटा उत्कृष्ट स्रोत हो, जुन हाम्रो शरीरको लागि अत्यावश्यक हुन्छ। स्कुस धेरै खाने मान्छेमा मुटुरोगको जोखिम कम हुने गर्छ। जस्तै, उच्च रक्तचाप, उच्च कोलेस्ट्रोल र रक्तप्रवाहमा पनि यसले सहयोग गर्ने गर्छ। जनावर र टेस्टट्युबमा गरिएको अनुसन्धानले रक्तनलीहरूलाई स्वस्थ बनाउन मद्दत गरेको भेटिएको छ। यसले रक्त प्रवाहमा सुधार ल्याउने एवं रक्तचाप घटाउन मद्दत गर्छ। यसबाहेक स्कुस फाइबरको राम्रो स्रोत हो। २०० ग्राम स्कुसमा शरीरमा चाहिने कुल फाइबरको १५ प्रतिशत आरडीआई प्राप्त गर्न सकिने बताइन्छ। फाइबर युक्त खाद्य पदार्थको उच्च सेवनले मुटु रोगको जोखिम घटाएको छ।

रगतमा हुने गुलियो पदार्थको नियन्त्रणमा सहयोगी घुलनशील फाइबरले शरीरको पाचन प्रणाली र कार्बाहाइड्रेडको अवशोषणलाई सुस्त बनाउँछ, जसले रगतमा चिनीको मात्रामा कमी ल्याउँछ। स्कुसले इन्सुलिनलाई प्रभावित गरेर रगत हुने चिनीको मात्रा नियन्त्रणमा सहयोग पुऱ्याउँछ। स्कुसको नियमित सेवनले स्वस्थ गर्भावस्थालाई सहयोग गर्न मद्धत गर्छ। फोलेट वा भिटामिन बी सबै व्यक्तिको लागि आवश्यक छ। तर गर्भवती वा गर्भाधान संस्कारको तयारीमा रहेकाहरूको लागि यो झनै महत्वपूर्ण छ। त्यसैले यस्ता मान्छेको लागि पनि स्कुसको सेवन फाइदाजनक मानिन्छ।

प्रारम्भिक गर्भावस्थामा, भ्रुणबाट मस्तिष्क र मेरुदण्डको उचित विकासका लागि फोलेट आवश्यक हुन्छ। पर्याप्त फोलेट सेवनले बच्चाको मस्तिष्क विकास र सकुशल जन्ममा समेत मद्धत गर्छ। २०० ग्रामको एउटा स्कुसले शरीरमा चाहिने फोलेट र भिटामिन बीको ५० प्रतिशत माग पूरा गर्ने गर्छ। यसैले, सन्तुलित आहारको एक भागको रूपमा स्कुस खानु स्वस्थ गर्भावस्थाको लागि उत्तम हुन्छ।

उच्च पोषणयुक्त फलफूल र तरकारीको उपभोगले विभिन्न प्रकारका क्यान्सरको जोखिम कम गर्न मद्दत पुऱ्याउने गर्छ। एक अध्ययनले निश्चित मात्रामा स्कुसको सेवन गर्दा त्यसमा रहेका यौगिकहरूले क्यान्सर हुन सक्ने कोषिकामा त्यसको असर कम गर्ने गरेको देखाएको छ। यद्यपि यी नतिजाहरू पूर्ण क्यान्सर प्रतिरोधी भनेर प्रमाणित तथ्य भने होइनन्। तर यसले क्यान्सर कम गर्न सहयोग गर्छ भन्ने विषय भने विभिन्न अध्ययनबाट प्रमाणित विषय हो। यसबारे थप अनुसन्धान आवश्यक देखिन्छ।


बुढेसकालमा हुने दृष्टिदोष कम गर्न फ्रि रेडिकल भन्ने एउटा मुख्य सिद्धान्त हुन्छ। जसले शरीरका विभिन्न कोषहरूमा क्षति पुऱ्याएर उमेर ढल्किँदै गएपछि हुने दृष्टिदोष कम गर्न पनि मद्दत पुऱ्याउँछ। यसैले, भिटामिन सी पर्याप्त पाइने यो तरकारीको नियमित सेवनले बुढेसकालको दृश्य कम गर्न मद्दत गर्छ।

मिर्गौलाको कामलाई सहज बनाउन फ्याटी लिभर डिजिज भनेको एउटा यस्तो समस्या हो जसमा अत्यधिक बोसो कलेजो छेउमा जम्मा हुन्छ। कलेजोमा जमेको धेरै बोसोले यसलाई ठीकसँग काम गर्न अवरोध सिर्जना गर्न सक्छ। यसरी नियमित स्कुसको सेवन गर्दा कलेजोमा बोसो जम्ने कामलाई यसले नियन्त्रण गर्न सक्छ। मुसामा गरिएको अध्ययनले पनि स्कुस खुवाएको मुसामा कोलेस्ट्रोल र फ्याट्टी एसिडको मात्रा कम पाइएको थियो। तर यसमा यो पनि अध्ययन गर्न जरुरी छ कि स्कुसले मान्छेको कलेजो स्वास्थ्यमा कसरी सहयोग पुऱ्याउँछ ? विभिन्न अध्ययनहरूले स्कुस नियमित सेवन गर्नेमा तौल बढ्ने तर यसले मोटोपनाको कुनै समस्या ननिम्त्याउने समेत देखाएको छ। पछि तौल घटाउनुपर्ने अवस्था आयो भने पनि सहजै घटाउन सक्ने गरी सन्तुलित रूपमा यसले तौला बढाउन मद्दत गर्छ। पाचन प्रणालीमा आवश्यक पर्ने विभिन्न कार्यमा सहयोग गर्नको लागि स्कुस आफैंमा सहायक सिद्ध खानेकुरा हो।

नियात्रा

# वाराणसी सम्मेलनका अन्तर्गाथा

✍ - रामप्रसाद पन्त




ओर्लिन आतुर भएका यात्रुहरू सटासट ओर्लेर फटाफट चढिहाले। बसले गति लियो पूर्ववत्। एकैछिनपछि पो थाहा भयो नवराज पुडासैनी बसेको सिट खाली छ। अघिदेखि पछिसम्म दृष्टि दौडाउँदा पनि देखिएनन् नवराज। खोई नवराज ? सँगै बसेका माधव गोज्याङ्ग्रेका आँखा पनि तिर्मिराए। आफूभन्दा पछाडिको सिटमा बसेका मित्रसँग गफमा मस्त भएका गोज्याङ्ग्रेलाई साथीको हेक्कै भएनछ।

बस रोक्नुपऱ्यो ! बस रोक्नुपऱ्यो !! मान्छे छुट्यो।

चालक सुमन कार्की सचेत रहेछन्, समझदार रहेछन्। उनले पत्तालिएको बसको स्पिड कम गरे र संयोगले त्यहीं नजिकै भेट्टिएको पेट्रोलपम्पलाई फर्कने बाटो बनाएर बसलाई फनक्कै मोडे। बस कुद्यो विपरीत गतिमा।

बाटो छेउमा उभिइरहेको भए त भेटिएलान् नवराज, अरु बाहनको सहयोग लिए भने हामीले उनलाई कहाँ खोज्ने र के निर्णय गर्ने ?

सोच्दासोच्दै दुई किलोमिटर जति पछाडि फर्कियो बस। हात उठाएर बाहनहरू रोक्दै गरेका नवराज देखिए बाटो छेउमा। खुशीको सीमा रहेन हाम्रो। भारतीय चालकहरूले बाहन रोकेनछन् र पो ! नत्र उनी कताकता भड्किन्थे र कसरी पुग्थे बनारस। हामीलाई चिन्तै चिन्ता।

नवराजलाई बसमा चढाएपछि मैले भनें– 'यस यात्राको हिरो नवराज ! मेरो नियात्राको हिरो नवराज !'

हो, हिरो बन्नका लागि हिरो हुन्छु भन्नै पर्दोरहेनछ। समयले स्वतः बनाउँदो रहेछ मानिसलाई हिरो। माधव गोज्याङ्ग्रेले आफ्नो उपनामलाई साकार नगरेको भए बन्ने थिएनन् नवराज हिरो। मैले सम्झें, महाकाली यात्राकी नायिका ईश्वरी कार्कीलाई। उनी यस्तै विमोचनकै सन्दर्भमा दाङको जङ्गलमा छोडिइन् मध्यरातमा। बस यसैगरी फर्कियो र मात्र बचिन् बाघको मुखमा पर्नबाट।

नवराजलाई हामीले सोध्यौं– 'तिमी के सोच्दै थियौ ?'

उनले भने– बस फर्केर आउला भन्ने त लाग्दै लागेन। सोच्दै थिएँ, गोरखपुर जान्छु र भैरहवाबाट सम्धीको गाडी झिकाउँछु अनि सम्धीसँगै जान्छु बनारस।

ढुक्कै रहेछन् नवराज।

पुडासैनी र गोज्याङ्ग्रेलाई जिस्क्याउँदा जिस्क्याउँदै हाँसैहाँसोमा हामी पुगेछौं पिपिगन्ज हुँदै गोरखपुर।

पूर्वस्मृति भयो मलाई र ती दृश्यहरू ताजा हुँदै गए मेरो मन मस्तिष्कमा। त्यो गोरखनाथ मन्दिर, त्यो राममन्दिर, त्यो हनुमान मन्दिर, राजेन्द्रप्रसादको शालिक, महाराणाप्रतापको शालिक, बायाँपट्टि गोरखपुर रेलवे जङ्सन, दायाँपट्टि होटलहरू, गोविन्दवल्लभ पन्त हस्पिटल, दिनदयाल विश्वविद्यालय, गोरखपुर विश्वविद्यालय, विवेकानन्दको शालिक, सुवासचन्द्र बोसको शालिक, बुद्धद्वार र बाटैभरि मानिस, मोटरसाइकल, अटो र बाटो ढाक्दै गरेर गुडिरहेका रिक्साहरू गोरखपुर मेन रोडका पहिचानहरू थिए।

गोरखपुर बजार नाघेर अगाडि बढ्दा बाटो छेउको कङ्क्रिट स्तम्भले सूचित गऱ्यो– गोरखपुर-वाराणसी २१५ किलोमिटर। हामीलाई बाटोको दूरी नाप्न गाह्रो परेन। हामी नौतनवादेखि एक सय किलोमिटर अगाडि आएछौं।

गोरखपुरउत्तरको भूमि र दक्षिणको भूमि फरक देख्दै छु म। उत्तरको भूमिमा गहुँको लहलाउँदो हरियालीले साम्राज्य जमाएको थियो, अहिले देखिइरहेको फाँटमा पहेँलपुर तोरी फुलिरहेको छ र कतै कतै उखुको डिही पनि देखिँदै छ।

हाम्रा पेटहरू भोक हड्ताल गर्न थालेका छन्। खाना खुवाउने ड्राइभरको निश्चित ठाउँ होला ! हामीले चाहेको ठाउँमा मन लागेको खाना खान पाउने छैनौं। यो सार्वजनिक यात्रामा निस्कने यात्रुहरूको नियति नै हो।

सुनौलीसम्मको हाम्रो जीवन सिताराम दवाडीको हातमा थियो, अब सुमन कार्कीको हातमा परेको छ। तिनले जहाँ रोक्छन् र जेजस्तो खान भन्छन् त्यही खाने प्रतीक्षामा छौं हामी।

गोरखपुरबाट ९८ किलोमिटरको दूरीमा भेटियो बेलीपुर। गोकुल रेष्टुराँको प्राङ्गणमा साइड लाग्यो बस। एकान्त स्थान भए पनि रेष्टुराँ र भोजन राम्रो रहेछ। विनामासु विविध परिकारसहितको खाना थालीमा हाल्दै जानुस् र इच्छा लागेजति खानुस्, प्रतिप्लेट १८०।-।

हामीले एक घण्टा लगाएर खाना खायौं र एघार बजे प्रस्थान गऱ्यौं। म हेर्दै छु, भूमि एकनासको छ। फाट्टफुट्ट घर बस्तीहरू भेटिँदै छन्। बिरलै देखिने रुखपातहरू र बाँकी खेतमा लहलाएका बालीहरू भारतीय भूमिमा अहिलेसम्म मैले देखेका पहिचान हुन्। वनजङ्गल कतै भेटिएको थिएन, भेटिने सङ्केत पनि थिएन। अहिले भने फरक बाली देख्दै छु म। भटमासका अग्ला बोटहरू गुजुप्प गुजुप्प परेर उभिएको देख्दै छु गराहरूमा। कौडीराम, गगटा, मजगाउँ, हाटाबजार, पटनाचौराहाका बस्तीहरू मेरो दृष्टिमा पर्दै छन्। दोहरीघाट नदी पार गरेपछि अलिक ठूलै बजार देखिएको छ– मऊ। त्यसपछि लालघाट, जीवनपुरका बस्तीहरूमा पनि मेरो दृष्टि पर्दै छ।

आजमगढ पुगेपछि भारतीय सिनेजगतकी चर्चित नायिका सवाना आजमीको नाम लिन्छन् साथीहरू। त्यसो त उनका बाबु कैफी आजमी पनि कम चर्चित हैनन् साहित्य जगतमा, तर छोरीको चर्चाले बाबुको नाम ओझेलमा पऱ्यो। पुस्तान्तरमा हुनैपर्ने प्रगति गरेर देखाइदिइन् सवानाले। 'पुत्रात् इच्छेत् पराजयम्' सम्झेर दङ्ग होलान् कैफी पनि।

बाटो गोरखपुर अगाडिको जस्तो चार लेनको छैन र आजमगढसम्मको जस्तो दुई लेनको उवडखाबड पनि छैन। दुई लेनकै भए पनि बिग्रेको छैन। तर किन हो कुन्नि ! यातायातका साधनहरूको घनत्व त्यतिविधि देखिएको छैन। बस हरवंशपुर, सरफुद्दिनपुर, बेलहसामन्डी, राजाकागल्ली, रानीकीसराय, मोहम्मदपुरका बस्तीहरू पार गर्दै बुर्कुसी मारिरहेछ। रोचक दाइका तीखा आँखा एउटा घरको भित्तोमा पर्छन्– 'नामर्द पुरुष हम से सम्पर्क करें'– डा. साकिरा सक्सेना।

हाँसो उठ्छ हामी दुवैलाई महिला डाक्टर भएकोमा। भाषा र भाषाले दिनखोजेको अर्थले कति फरक पार्छ समाजमा ! त्यसैले भाषाको प्रयोग ठिक ठाउँमा ठिक ढङ्गले हुनुपर्छ, नत्र विपरितार्थक हुनपुग्छ र त्यसले समस्या निम्ताउँछ भन्ने यो ज्वलन्त उदाहरण हो।

वृन्दाबजारको बायाँपट्टि एउटा होइन, तीन-तीनवटा विशाल आकारका मस्जिदहरू देखिए। मैले सम्झें, बनारस नजिकिन थालेछ कि क्या हो ! हो, भारतीय भूमिमा धर्मको नाममा मौलाएको कुसंस्कृति नै हो यो। जहाँ हिन्दू मन्दिर छन्, त्यहाँ मस्जिद बनाइन्छ र धर्मको नाममा दङ्गाफसाद गरिन्छ। धर्मको नाममा लड्नु र मारकाट गर्नु पनि धर्म हो र ? कदापि होइन। तर यस्तो कुसंस्कारले जरो गाडिरहेछ भारतीय भूमिमा। साँच्चिकै हामी बनारसको मुहानमै पुगेका रहेछौं। चालकले एउटा रिसोर्टको प्राङ्गणमा लगेर बस अड्यायो तीन बजे।

इच्छा लागेकाहरू चियापान गर्न स्वतन्त्र थिए– गोजीबाट पैसा निकाल र इच्छा लागेका खाऊ। सीमित बजेटले भ्याउँदैन– जहाँ जे भेट्टायो र जे मन लाग्यो त्यो खान। रोचक घिमिरे, मातृका पोखरेल र मैले माटोको कपमा पाँच रुपैयाँ दरको चिया र पाँचै रुपैयाँ पिस पकौडा खायौं।

बस धेरैबेर नरोकिएर हिँडिहाल्यो। दानगन्ज काटेपछि वाराणसीको सुवास आइहाल्यो। उखुका डिहीहरूले हाम्रो स्वागत गरे। उखु नै उखुले भरिएका ट्रकहरू पनि हाम्रो दृष्टिमा पर्न थाले।

हामीले बरुण नदी पार गऱ्यौं र बजारक्षेत्रमा प्रवेश गऱ्यौं। हामी जति शहरनिकट हुँदै जान्थ्यौं, त्यति बाटोको आकार बढ्दै जान्थ्यो। यसरी हामी उदयपुर, सोनपुर, लालपुर आदि बजारहरूलाई पछाडि पार्दै गएपछि त हाम्रो अगाडि वाराणसी द्वार नै भेटियो – 'वाराणासी आपका स्वागत करता है।'

अहा ! पान पसलको नाम पनि 'ताम्बुल पसल'। वाराणासी त ठहरियो – विद्याको राजधानी। थुप्रै नामहरू संस्कृत भाषामा उच्चारित थिए। जिटी रोडहरूमा फ्लाई ओभरहेड बन्दै रहेछ। बाटो पाएन धेरै बेर बसले। कछुवा गतिमा अगाडि बढेको बसले हामीलाई अन्धरापुलस्थित बसपार्कमा पुऱ्याएर ओरालिदियो अपराह्न पाँच बजे, अर्थात् बाइस घण्टाको हाम्रो बनारस यात्रा पूरा भएछ।

अब कता जाने ? कसो गर्ने ? दुर्गाप्रसाद श्रेष्ठसँग फोन सम्पर्क भयो नगेन्द्र दाइको। तर उनी आउन सक्तैनन् र कुनै मार्गदर्शकको व्यवस्था गर्न पनि सक्तैनन्। खाली भन्न सक्छन्– 'अटोको सहयोग लिएर आऊ र धर्मशालामा बस।'

एउटा अटोले भयो र ? पाँच जनासम्म अट्ने अटो छवटा चाहियो हामीलाई, त्यो पनि मैदागिनसम्म। त्यहाँबाट अर्को ठेलाको व्यवस्था गर र सामान ठेल्दै हिँड मङ्गलागौरी जगदम्बा धर्मशालासम्म।

क्रमशः

# भारतका कारण सार्क अझै "कोमा" मा



विष्णु भट्टराई

सन् १९८० मा दक्षिण एसियामा विकसित क्षेत्रीय एकताको भावनालाई समेट्नका लागि बंगलादेशका राष्ट्रपति जियाउर रहमानले सार्क स्थापनाको विशेष पहल गरेका थिए। त्यसअघि नै नेपालका राजा वीरेन्द्रले सन् १९७७ मा कोलोम्बो योजना परामर्शदातृ सम्मेलनमा नेपाल हितका लागि प्रयोग गर्न आह्वान गरेका थिए।

यसरी विकसित भएको सार्क अवधारणालाई बंगलादेशमा ७ र ८ डिसेम्बर १९८५ मा ढाकामा प्रथम शिखर सम्मेलनको आयोजना गरी औपचारिकता दिइएको थियो। त्यसबेला नेपाल, पाकिस्तान, बंगलादेश, भारत, भुटान, माल्दिभ्स र श्रीलंकाले सार्क बडापत्रमा सहमति जनाएका थिए भने सन् २००७ अप्रिलमा भारतमा सम्पन्न १४औं शिखर सम्मेलनले अफगानिस्तानलाई सदस्यता प्रदान गरेको हो। सन् २००४ मा पाकिस्तानमा भएको सार्क शिखर सम्मेलनमा भारतका प्रधानमन्त्री अटलबिहारी वाजपेयीले सार्क शिखर सम्मेलनमा सहभागिता जनाउँदै पाकिस्तानी तत्कालीन राष्ट्रपति परवेज मुसर्रफसँग छलफल गरेका थिए। यसपटक भारतले पाकिस्तानमा हुने सार्क शिखर सम्मेलनमा सहभागिता जनाएमा उनी त्यसपछि सार्क शिखर सम्मेलनका लागि पाकिस्तान जाने पहिलो प्रधानमन्त्री बन्नेछन्। तर, तत्कालै सार्क शिखर सम्मेलन हुने अवस्था देखिएको छैन।

नेपाल सार्कको अध्यक्ष राष्ट्र मात्रै नभएर संस्थापक र परिकल्पनाकार मुलुकमध्ये एक हो। सार्कको प्रधान कार्यालय नेपालमा नै रहेको छ भने सार्कका हरेक गतिविधिमा नेपालको धेरथोर हिस्सेदारी अवश्य छ। सार्कको अध्यक्ष राष्ट्र भएको नाताले नेपाल र सार्क शिखर सम्मेलन आयोजक राष्ट्रका हिसाबले पाकिस्तानको भूमिका यसको प्रभावकारिता, सुदृढीकरण, अवरोध भएका गतिविधिलाई नियमित गर्ने मुख्य दायित्व पनि यसबेला छ। भारत र पाकिस्तानबीच काश्मीरका विषयमा यसअघि दुईपटक युद्ध भए पनि नेपालले त्यसमा आफ्नो असंलग्न परराष्ट्रनीतिलाई नै अवलम्बन गर्‍यो।

सार्कका शीर्ष नेताहरूको सहभागिता रहने सार्क शिखर सम्मेलन रोकिएको यो पहिलो अवसर होइन। यसअघि भारत र पाकिस्तानको द्वन्द्वकै कारण सन् २००२ मा चार वर्ष रोकिएर काठमाडौंमा एघारौं शिखर सम्मेलन भएको थियो। त्यसअघि र पछि पनि भारत र पाकिस्तानबीच पटकपटक भइरहने द्वन्द्व र शीतयुद्धका कारण सार्क प्रभावकारी बन्नै सकेन। स्थापनाको ३५ वर्ष पुग्दा पनि यसले प्रभावकारी भूमिका खेल्न नसक्नुको मुख्य कारण सार्क राष्ट्रबीचको तनाव, योजना कार्यान्वयनमा दृढताको कमी र सार्कलाई गतिशील बनाउने स्पष्ट दृष्टिकोणको अभाव हो। सार्कको सिद्धान्तमा संगठनको ढाँचाभित्र गरिने सहयोग एकअर्काको सार्वभौम समानता, क्षेत्रीय अखण्डता, राजनीतिक स्वतन्त्रता, एकअर्काको आन्तरिक मामिलामा







अहस्तक्षेप तथा आपसी हितमा आधारित हुने, यस्तो सहयोग दुईपक्षीय तथा बहुपक्षीय सहयोगको बदलामा नभई त्यसको पूरकको रूपमा हुने, दुईपक्षीय तथा बहुपक्षीय दायित्वविपरीत र खराब नियतिका लागि नहुने स्पष्ट उल्लेख गरिएको छ। तर, सार्क राष्ट्रका सबै सदस्य राष्ट्रले यसलाई अंगीकार गर्न सकेका छैनन्। यसले सार्कको गतिविधिमा संकुचन र रोकावट खडा गरेको छ।

सार्कको बडापत्रमा नै यसका उद्देश्यलाई किटान गरिएको छ। जसअनुसार, यस क्षेत्रको आर्थिक वृद्धि, समाजिक प्रगति तथा सांस्कृतिक विकासमा तीव्रता ल्याउनु र सबै मानिसलाई स्वाभिमानसाथ रहने र उनीहरूलाई आफ्नो पूर्ण क्षमताको महसुस गराउने अवसर प्रदान गर्नु, दक्षिण एसियालीका देशहरूबीच सामूहिक आत्मनिर्भरतालाई अभिवृद्धि र सुदृढ गर्नु, आपसी विश्वास, एकअर्काका समस्याहरूप्रति समझदारी बढाउनु, आर्थिक, सांस्कृतिक, प्राविधिक, समाजिक तथा वैज्ञानिक क्षेत्रहरूमा सक्रिय सहयोग र आपसी सहायता प्रवर्द्धन गर्नु, अन्य विकासोन्मुख देशहरूसँगको सहयोगलाई मजबुत तुल्याउनु, समान लक्ष्य र उद्देश्य भएका अन्य अन्तर्राष्ट्रिय र क्षेत्रीय संठनहरूलाई सहयोग पुर्‍याउनु, यस क्षेत्रको आर्थिक वृद्धि, सामाजिक उन्नति तथा सांस्कृतिक विकासलाई अभिवृद्धि गर्ने, दक्षिण एसियाका राष्ट्रहरूबीचको सामूहिक आत्मनिर्भरतालाई अभिवृद्धि र समृद्धि गर्ने, एकआपसको समस्याप्रति पारस्परिक विश्वास र समझदारी राख्दै योगदान दिने र आर्थिक, समाजिक, सांस्कृतिक, प्राविधिक तथा वैज्ञानिक क्षेत्रमा सक्रिय सहभागिता र पारस्परिक सहयोगको अभिवृद्धि गर्ने रहेका छन्। तर, व्यावहारिकतामा त्यस्तो देखिँदैन, अहिले भारत र पाकिस्तानबीचको शक्ति संघर्षले सार्कलाई छायामा पारेको छ। यो सार्कको उद्देश्यको ठीक विपरीत हो।

यसैगरी, सार्क राष्ट्रबीचको आपसी विश्वासमा समेत कमी देखिन्छ। खासगरी भारत र पाकिस्तान, अफगानिस्तान र पाकिस्तानबीच यस वर्ष अन्तर्राष्ट्रियस्तरको ध्यान आकृष्ट हुने गरी संघर्ष भए। पाकिस्तान र अफगानिस्तानबीच सीमा विवादका कारण लामो समयसम्म सीमा नै बन्द रहने अवस्था सिर्जना भयो। अहिले काश्मीरको विषयलाई लिएर दुई देशबीच द्वन्द्वको अवस्था सिर्जना भएको छ। भारतले नेपालमाथि लगाएको अमानवीय नाकाबन्दी आदिले सार्कको उद्देश्य एकातिर र व्यवहार अर्कैतिर रहँदै आएको छ। यसमा आवश्यक सामञ्जस्यता कायम नगरेसम्म सार्कको प्रभावकारिता रहनेमा आशंका गर्ने ठाउँ प्रशस्तै छन्। विगत तीन दशक लामो सार्कको इतिहास हेर्ने हो भने पनि महत्वपूर्ण एजेन्डामा समेत मौन रहँदै आएको छ।

सार्कका कुनै पनि राष्ट्रको सहमतिविना कुनै पनि सामूहिक निर्णय हुन सक्दैन। सार्क बडापत्रको धारा १० मा उल्लेख गरिएका सामान्य नियमको व्यवस्था नै सार्कको गतिशीलताका लागि ठूलो बाधकका रुपमा रहेको छ। सार्क बडापत्रको धारा १० मा सार्कका सबै स्तरका निर्णयहरू सर्वसम्मतिका आधारमा लिइने र द्विपक्षीय र विवादास्पद विषयहरू छलफलमा नै नराखिने उल्लेख गरिएको छ। यो नियम नै सार्कको गतिशीलताका लागि मुख्य बाधकका रुपमा खडा भएका छन्। अहिलेको अवस्थालाई हेर्ने हो भने भारत र पाकिस्तानबीच देखिएको द्वन्द्व सामूहिक छलफल, वार्ता र संवादका आधारमा पनि समाधान गर्न सकिन्छ। तर, सार्क बडापत्रका नियमले नै भारत र पाकिस्तानबीचको विवादमाथि छलफल गर्न प्रतिबन्ध लगाएको छ। यस्तै, सार्कमा सामूहिक हितका विषयबाहेक द्विपक्षीय र विवादास्पद विषयमा छलफल नै नहुने भएका कारण भारत र पाकिस्तान, नेपाल र भारत, अफगानिस्तान र पाकिस्तानबीच द्वन्द्वका विषयमा सार्कभित्र कुनै छलफल हुन सक्दैन।

यस्तै, सार्कका निर्णयहरू सर्वसम्मतिमा हुने भएका कारण कुनै एक देश वा अधिकांश देशले चाहेर पनि आफूअनुकूलको निर्णय गराउन सक्दैनन्। यसले गर्दा सार्क जुन दक्षिण एसियाली क्षेत्रको आर्थिक वृद्धि, समाजिक प्रगति तथा सांस्कृतिक विकासको साधन बन्नुपर्ने थियो। त्यो बन्न सकेको छैन र यही प्रावधान रहेसम्म बन्ने पनि छैन। सार्कका उद्देश्यमा भनिएजस्तै सबै मानिसलाई स्वाभिमानसाथ रहने र उनीहरूलाई आफ्नो पूर्ण क्षमताको महसुस गराउने अवसर प्रदान यस प्रकारको संस्थाले उपलब्ध गराउन सक्छ कि सक्दैन भन्ने प्रश्न पनि खडा भएको छ। सार्क आफैंमा गतिशील संस्था नभएसम्म दक्षिण एसियाली देशहरूबीच सामूहिक आत्मनिर्भरता अभिवृद्धि र सुदृढ गर्नु, आपसी विश्वास र समझदारी बढाउन, आर्थिक, सांस्कृतिक, प्राविधिक, समाजिक तथा वैज्ञानिक क्षेत्रहरूमा सक्रिय सहयोग र आपसी सहायता प्रवर्द्धन गर्न सक्ने छैन। यसले गर्दा सार्कलाई गतिशीलता प्रदान गर्नका लागि नयाँ ढंगले सोच्नु र सोहीअनुसार नियमहरूलाई परिमार्जित, विकसित र सदृढ बनाउन जरुरी छ।

सार्क सिंगो दक्षिण एसियाली राष्ट्रहरूको मञ्च हो। तर, अहिलेसम्म कुनै बैठकका लागि पनि भारत र पाकिस्तानको मुख ताक्नुपर्ने अवस्था सिर्जना हुँदै आएको छ। सामूहिक भावनाको विकासको जुन अवधाराणाले सार्क स्थापना भएको हो त्यसको ठीक विपरीत भारत र पाकिस्तानले सार्कलाई एकअर्कालाई घुँडा टेकाउने अस्त्रका रुपमा प्रयोग गर्दै आए र यसको दर्शक बनेका छन्, अन्य ६ वटा राष्ट्र। सार्क भारत र पाकिस्तानको द्वन्द्वको छायामा पर्दै आएको छ। नेपालीमा एउटा उखान छ 'दुईवटा हात्तीले माया गरे पनि लडाइँ गरे पनि माडिने आखिर फूलबारी हो।' अहिले भारत र पाकिस्तानबीच जुन प्रकारको संघर्ष चलेको छ। त्यसको प्रत्यक्ष मारमा परेको छ, सार्क। अहिले पनि भारतले सार्क सम्मेलनलाई पाकिस्तानमाथि घुँडा टेकाउने अस्त्रका रुपमा प्रयोग गर्न खोज्यो। किनकि उसलाई आफू सहभागी नभएमा सार्क शिखर सम्मेलन नहुने र स्थान सार्न सकियो भने पनि पाकिस्तानलाई सार्क सम्मेलन गर्ने अवसरबाट वञ्चित गर्न भारत सफल हुनेछ। भारत र पाकिस्तानबीचको भारत र पाकिस्तानबीचको द्वन्द्वकै कारण विगतमा पनि सार्क शिखर सम्मेलन र बैठकस्थल परिवर्तन भएका छन्। यहाँनेर मुख्य कुरा भनेको भारत र पाकिस्तानबीचको द्वन्द्वको अन्त्य र सार्कको निरन्तरता मुख्य विषय हुन्।

## खेलकुद

## मेस्सीले जिते पहिलो अन्तर्राष्ट्रिय ट्रफी

काठमाडौं। अर्जेन्टिनाले २८ वर्षको उपाधि खडेरी तोड्दै कोपा अमेरिकाको उपाधि जित्दा सुपरस्टार लिओनल मेस्सीले पहिलो अन्तर्राष्ट्रिय उपाधि जितेका छन्। ब्राजिलमा भएको ४७ औं संस्करणको कोपामा ब्राजिललाई नै फाइनलमा पराजित गर्दै अर्जेन्टिना च्याम्पियन बनेको हो।



यस उपाधिसँगै अर्जेन्टिनाले सर्वाधिक १५ पटक कोपा जित्ने उरुग्वेको कीर्तिमान समेत बराबरी गरेको छ। सन् १९९३ पछि अर्जेन्टिनाले पहिलो पटक कोपाको उपाधि जितेको हो। २८ वर्षमा अर्जेन्टिनाले जितेको यो कुनै पनि ठूलो उपाधि समेत हो। त्यसयता अर्जेन्टिनाले चार कोपा फाइनल एक विश्वकप फाइनल र दुई कन्फ्रेडेरेसन कप फाइनल गरी कुल ७ फाइनल खेले पनि सबैमा पराजित भएको थियो।

तर यस पटक भने अर्जेन्टिनाले हारको यात्रालाई ब्रेक लगायो। त्यसका लागि ब्राजिललाई घरमै पराजित गर्‍यो। २००४, २००७, २०१५ र २०१६ को कोपा फाइनल पराजित भएको अर्जेन्टिना २०१४ को विश्वकपमा पनि पराजित भएको थियो।

यस्तै मेस्सीले पनि पाँचै पटक फाइनल खेल्दा अन्ततः पहिलो अन्तर्राष्ट्रिय उपाधि जितेका छन्। मेस्सीले २००७, २०१५ र २०१६ कोपा र २०१४ को विश्वकप फाइनल खेले पनि उपाधि जित्न सकेका थिएनन्। डेढ दशकको प्रयासपछि ३४ वर्षीय मेस्सीले पहिलो पटक अन्तर्राष्ट्रिय उपाधि जितेका हुन्। मेस्सीले फाइनलमा गोल गर्न नसके पनि यस संस्करणमा ४ गोल गर्नुका साथै ५ असिस्ट समेत गरे।

मेस्सीले यसअघि सन् २००८ मा चीनमा भएको ओलम्पिकमा गोल्ड मेडल जितेका थिए। तर त्यो यु-२३ टिमले खेल्ने प्रतियोगिता थियो।

ब्राजिललाई उसैको मैदानमा हराउन अर्जेन्टिनाका लागि एन्जल डि मारियाले निर्णायक गोल गरे। यसअघि वैकल्पिक खेलाडीको रुपमा मैदान प्रवेश गरेर खेलेका डि मारियाले फाइनलमा पहिलो रोजाइँमै खेल्ने अवसर पाएका थिए। जसमा उनले न्याय पनि गरे।

रियो दि जेनेरियोस्थित माराकाना स्टेडियममा आइतबार बिहान भएको खेलमा डि मारियाले २२औं मिनेटमा गोल गरेका थिए। त्यही गोल नै निर्णायक बन्दा अर्जेन्टिनाले उपाधिको खडेरी तोडेको हो।

### डि मारिया

रोड्रिगो डे पउलको लामो पासमा डि मारियाले अफसाइट ट्र्याप बिट गर्दै गोलकिपरसँग वान भर्सेस वानको अवस्थामा चिप गर्दै गोल गरेका थिए। पहिलो हाफमा एक गोलले पछि परेको ब्राजिलले दोस्रो हाफमा बराबरी गोल फर्काउने प्रयास गरे पनि सफल हुन सकेन। अर्जेन्टिनाका कप्तान मेस्सीले पनि दोस्रो हाफमा गोल गर्ने अवसर गुमाए।

अर्जेन्टिनाले ठूलो प्रतियोगितामा फाइनलमा गोल गरेको यो १६ वर्षपछि पहिलो हो। सन् २००५ मा अर्जेन्टिनाले पछिल्लो पटक गोल गरेको थियो। त्यो बेला कन्फेडेरेसन कपमा अर्जेन्टिना ब्राजिलसँगै पराजित भएको थियो। यस्तै कोपामा भने अर्जेन्टिनाले २००४ मा पछिल्लो पटक गोल गरेका थिए। यसपटक कोपा शुरुमा कोलम्बिया र अर्जेन्टिनामै हुने तय थियो। तर अन्तिम समयमा आएर आयोजक परिवर्तन भएको थियो।

कोलम्बियामा सरकारविरुद्धको प्रदर्शनपछि अर्जेन्टिनाले एक्लै आयोजना गर्ने तयारी गरिरहेको थियो। तर त्यहाँ कोभिड-१९ को संक्रमण दर बढ्दै गएपछि दक्षिण अमेरिका फुटबलको सर्वोच्च निकाय कन्मेबोलले ब्राजिलमा कोपा गर्ने निर्णय गरेको थियो। शुरुमा ब्राजिलकै खेलाडीले विरोध गरे पनि पछि दक्षिण अमेरिकाका सबै १० टिमले प्रतिस्पर्धा गरे। अर्जेन्टिनाले अपराजित रहँदै उपाधि जित्दा ६ खेल जित्यो। एक खेल भने बराबरी खेलेको थियो।

## ५३ वर्षपछि इटाली युरो कप च्याम्पियन

५५ वर्षपछि युरो कपको उपाधिनजिक पुगेको घरेलु टोली इङ्ल्यान्डलाई पेनाल्टी सुटआउटमा ३-२ ले स्तब्ध बनाउँदै इटालीले उपाधि उचाल्दा प्रशिक्षक रोबर्टो मान्सिनी सबैका आकर्षणका केन्द्र बनेका छन्।

३४औं अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा अपराजित यात्रालाई निरन्तरता दिँदा प्रशिक्षक मान्सिनीको टोली इटालीले दोस्रो पटक युरोपियन च्याम्पियनसिपको उपाधि उचाल्न सफल भयो। निर्धारित ९० र अतिरिक्त समयको खेल १-१ गोलको बराबरीमा सकिएपछि पेनाल्टी सुटआउटबाट लिइएको निर्णयमा इटाली भाग्यमानी भएको हो।

चार पटक विश्व च्याम्पियन बनेको इटालीले यसअघि १९६८ मा पहिलो पटक युरोपियन च्याम्पियनसिपको उपाधि उचालेको थियो। इटालीले आइतबार पहिलो पटक फाइनल प्रवेश गरेको इङ्ल्यान्डलाई उसैको मैदानमा स्तब्ध बनाउँदा युरोपियन च्याम्पियनसिपको उपाधि संख्या दुई पुर्‍याएको हो। १९६६ पछि पहिलो पटक मुख्य प्रतियोगिताको फाइनलमा स्थान बनाएको इङ्ल्यान्डले घरेलु समर्थकलाई खुसी बनाउन सकेन। मान्सिनीको टोलीले पुनरागमन गर्दै खेलमा फर्किएर नयाँ इतिहास रच्न सफल भएको हो।

'यात्रा अझै लामो छ। हामी इटालीका सर्वसाधारणलाई उपाधि जितेर खुसी दिन चाहन्थ्यौं। किनकि जनता उपाधिका धेरै भोका थिए। यो उपाधिले सबैमा खुसी छाएको छ,' इटालीका प्रशिक्षक मान्सिनीले भने। इटालीलाई युरोपियन च्याम्पियनसिपको दोस्रो उपाधि दिलाएका मान्सिनीको व्यक्तिगत प्रशिक्षण करियरमा भने यो १४औं उपाधि हो। इटालीका लागि भने यो




पहिलो उपाधि हो। उमेरसमूहका खेलमा इटालीबाट खेलेका मान्सिनीले आफ्नो खेलाडी जीवनमा कुनै उपाधि नजिते पनि प्रशिक्षण करियरमा भने टोलीलाई उपाधि दिलाउन सफल भएका हुन्।

१७ वर्षे प्रशिक्षण करियरमा मान्सिनीले फियोरिन्टिना, लाजियो, इन्टर मिलान, म्यानचेस्टर सिटी र गालातासारेका लागि उपाधि दिलाएका छन्। २०१८ को विश्वकप छनोट हुन असफल टोलीलाई उपाधि दिलाएसँगै कतार विश्वकपमा पनि सहभागी हुने उच्च मनोबल मिलेको छ। 'प्रशिक्षक मान्सिनीले सुरुआतमा उपाधि उचाल्ने लक्ष्य राख्नुपर्छ भन्दै प्रेरणा खेलाडीलाई दिएका थिए।

लक्ष्य उपाधि भएपछि खेलाडी खेल्ने ऊर्जा मिल्छ भन्ने उनले बारम्बार सम्झाउँथे,' कप्तान जर्जियो चिलिनीले भने, 'उपाधिले टोलीको शिर उच्च बनाउन सहयोग पुर्‍याएको छ। प्लेअफमा स्विडेनसँग पराजित भएपछि विश्वकप गुम्दा लागेको कालो दाग पातलिएको छ।' यता इङ्ल्यान्डका प्रशिक्षक साउथगेटले फाइनलमा इटालीसँग टोली पराजित हुनु निकै पीडादायी रहेको प्रतिक्रिया दिएका छन्।

'हामी सबै संगै छौं। खेलाडीले देशका लागि खेल्दाखेल्दै पनि पनि पराजित हुन पर्‍यो। टोलीमा केही अविश्वसनीय क्षणहरू खेलाडीबाट पाएको छु,' इङ्ल्यान्ड प्रशिक्षक साउथगेटले भने। यता कप्तान ह्यारी केनले युरोको फाइनलमा बेहोरेको पराजयले आगामी करियरमा पनि असर पार्ने बताए। 'हामीले समूहको रूपमा जे हासिल गरेका छौं। त्यसलाई एक समूहका रूपमा गर्व गर्न आवश्यक छ।

इङ्ल्यान्ड पहिलो पटक समूहको शीर्ष स्थानमा रहँदै युरो कपको फाइनल पुगेको थियो। नकआउट चरणको खेलमा इङ्ल्यान्डले जर्मनी, युक्रेन र डेनमार्कको चुनौतीलाई पार गर्दै उपाधिनजिक पुगेको थियो। प्रतियोगितामा इङ्ल्यान्डले दुई गोल बेहोर्न पुग्यो। तर वेम्बली मैदानमा घरेलु टोली इटालीसँग पेनाल्टीमा ३-२ ले पराजित भयो। इङ्ल्यान्डका जाडोन सान्चो, मार्कुस रासफोर्ड र बुकायो साकाको प्रहार असफल बनेको थियो। सान्चोको प्रहार पोस्टमा लागेर फर्किएको थियो। रासफोर्ड र साकाको प्रहार इटालीका गोलरक्षक जियानलुइजी डोनारुम्माले बचाउ गरेका थिए।

प्रेरक

## धैर्यको फल



जिसस क्राइस्ट आफ्ना शिष्य तथा सहयोगीसँगै विभिन्न स्थानको भ्रमण गरिरहन्थे। एकपटक उनी आफ्ना केही अनुयायीका साथमा एउटा गाउँको बाटो भएर गइरहेका थिए। बाटोको एउटा स्थानमा १०-१२ वटा ठिकै आकारका खाडल खनिएका थिए। त्यसरी ठाउँठाउँमा खाडल खनिएको देख्दा जिससका शिष्यहरूमा कौतूहल जाग्यो।

उनीहरूमा त्यहाँ खाडल खनिनुको कारण थाहा पाउन मन लाग्यो। अन्त्यमा, मनको खुल्दुली मेटाउन जिससका एक शिष्यले उनलाई सोधे, 'गुरुदेव, यो बाटोभरि ठाउँठाउँमा लगभग एकै आकार-प्रकारका खाडल खनिएको देखिन्छ। तर, यसरी यी खाडल खन्नुको कारणबारे भने केही पनि बुझ्न सकिएन। हजुरले नै यसको कारणबारे प्रस्ट पारिदिनुप(यो।'

आफ्ना शिष्यको जिज्ञासा सुनेपछि जिसस एकैछिन गम्भीर भए र भने, 'कुनै एकजना मानिसले पानीको खोजीमा यहाँ यी खाल्डाहरू खनेको हो। एउटा खाल्डो खनेपछि उसले त्यसमा पानी भेटेन र पानी नभेटेपछि फेरि अर्को खाडल खन्यो। उसले कुनैमा पनि पानी भेट्न सकेन। त्यसपछि उसले अर्को फेरि अर्को गर्दै यसरी खाल्डैखाल्डा खन्यो।

यो सिलसिला लामै समय चलिरह्यो। तैपनि, उसले पानी भेट्टाएन। अन्ततः थाकेपछि उसले यो सिलसिला त्यागिदियो। त्यो मानिसमा धैर्य थिएन। उसले यति धेरै खाल्डो खन्नमा बढी श्रम र समय लगायो। बुद्धिमानीपूर्वक साराका सारा समय र श्रम एउटै खाल्डो खन्नमा लगाएको भए उसले अवश्यै पानी पाउने थियो। त्यसैले मानिसले हरेक काम धैर्यपूर्वक बुद्धि लगाएर गर्नुपर्छ। मान्छेले कुनै काम मन लगाएर गर्छ र थोरै धैर्य पनि राख्छ भने उसले परिश्रमको मिठो फल अवश्य पाउनेछ।'

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

परिस्थितिवश चिताएको काममा बाधा पुग्नेछ। अरूका लागि रकम र बुद्धि खर्चनुपर्ला। आंशिक फाइदा भए पनि चिताएको काम पूरा गर्न समय लाग्नेछ। अवसरवादीहरूले आफ्ना कमजोरीको फाइदा उठाउन सक्छन्। समयअनुसार चल्न नसक्ता अलि दुःख पाइनेछ। केही बाध्यात्मक अवसरमा अलमलिनुपरे पनि भविष्यका लागि सम्भावना खोजी गर्ने समय छ

### वृष

आफन्त र परिवारजनलाई धेरै समय दिनुपर्ने हुन सक्छ। हल्लाको भरमा अरूको विश्वास गर्दा धोका पाइनेछ। कृषि, पशुपालन तथा घरेलु कामकाजमा प्रवृत्त भइनेछ। शुभचिन्तकहरूको सुझावले फाइदा दिलाउनेछ। मिहिनेतले जटिल ठानिएको काम पनि बन्नेछ। प्रयत्न गर्दा दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ। टाढिएका सन्तानलाई आमाको यादले सताउनेछ। पुत्र तथा पतिबाट माया निरन्तर मिल्नेछ।

### मिथुन

नौलो प्रकृतिको काम शुभारम्भ गर्ने मौका छ। उद्योग र व्यापारमा फाइदा हुनेछ। तर अवसरका लागि केही जोखिमपूर्ण काममा जुट्नुपर्ने परिस्थिति आउन सक्छ। शक्तिशाली व्यक्तिहरूसँग प्रतिस्पर्धामा उत्रनुपर्ला। तापनि मेहनतले अवसर दिलाउनेछ। कर्मको उचित प्रतिफल पाइने हुँदा राम्रै धन आर्जन हुनेछ। अग्रजहरूको मार्गदर्शन लाभदायक रहनेछ। मानसिक तनाव बढ्नेछ। शारीरिक अवस्था कमजोर रहनेछ।

### कर्कट

प्रतिष्ठित काम गर्ने अवसर प्राप्त हुनेछ। बोलीको भरमा चिताएको काम सम्पादन हुन सक्छ। बुद्धिको उपयोगले विद्या तथा धन आर्जन हुनेछ भने सानो प्रयत्नले ठूलो काम बन्नेछ। विचारले धेरैलाई आकर्षण गर्ने समय छ। प्रशंसकहरू बढ्नेछन्। मिहिनेतले सम्मानित स्थान दिलाउनेछ। सहयोगीहरूले साथ दिनेछन् भने रोकिएका काम पनि सम्पादन गर्न सकिनेछ। सोचेको काम पूरा हुनेछ।

### सिंह

नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू बढ्नेछन्। प्रतिष्ठित काम गर्दै नाम, दाम र इनाम कमाउने बेला छ। रचनात्मक काम प्रारम्भ गर्ने समय छ। सहयोगीहरूले राम्रो साथ दिनेछन् भने पहिलेको सफलताले पनि थप काम गर्न हौसला प्रदान गर्नेछ। बिछोडिएका परिवारजनसँग भेटघाट हुनेछ। रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त होला। इस्टमित्रहरुको साथ र सहयोग मिल्नेछ।

### कन्या

आकस्मिक खर्च बढ्नाले अर्थ अभाव देखापर्न सक्छ। सम्भावना देखिए पनि केही समस्याले अल्झाउन सक्छ। नतिजा सच्याउन काम दोहोर्‍याउनुपर्ला। समय दिन नसक्दा अध्ययनमा पछि परिनेछ। खर्च लागे पनि यात्राको साइत जुर्नेछ। आफन्तबाट टाढिनुपर्ला। व्यवसायमा लगानी बढाउनुपर्ने परिस्थिति आउन सक्छ। भौतिक साधनको कमीले काममा विलम्ब हुनेछ। मानसिक चिन्ता बढ्नेछ।

### तुला

मिहिनेतको राम्रो परिणाम प्राप्त हुनेछ। दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय छ। आयआर्जनका स्रोत बढ्नेछन् र प्रतीक्षित नतिजाले पनि उत्साह जगाउनेछ। तर अवसरवादीहरूले आफ्ना कमजोरीको फाइदा उठाउने चेष्टा गर्न सक्छन्। कामको राम्रै मूल्यांकन भए पनि प्रतिफल हातपार्न केही समय लाग्नेछ। आफ्नो लाभांशमाथि अरूले दाबी गर्न सक्छन्। यात्राको अवसर मिल्ने प्रबल सम्भावना छ।

### वृश्चिक

परिस्थिति अनुकूल देखिए पनि काम गर्न समय लाग्नेछ। अवसर आए पनि नयाँ काममा हात हाल्नुअघि राम्ररी विचार पुर्‍याउनुहोला। अवसरवादीहरूले फसाउन सक्छन्। तापनि, उपलब्धिको स्रोत पहिल्याउन सकिनेछ। काम सम्पादन नभए पनि दिगो योजना बन्नेछ। शुभचिन्तकहरूको मनोभाव विचार गरेर काम थाल्नुहोला। विभिन्न भौतिक साधन संग्रह गर्ने मौका छ।

### धनु

परिस्थितिवश चिताएको काममा बाधा पुग्नेछ। अरूका लागि रकम र बुद्धि खर्चनुपर्ला। आंशिक फाइदा भए पनि चिताएको काम पूरा गर्न समय लाग्नेछ। अवसरवादीहरूले आफ्ना कमजोरीको फाइदा उठाउन सक्छन्। समयअनुसार चल्न नसक्ता अलि दुःख पाइनेछ। केही बाध्यात्मक परिस्थितिले अलमल्याए पनि भविष्यका लागि सम्भावना खोजी गर्ने समय छ। मानसिक तनाव बढ्नेछ।

### मकर

सामान्य कामका लागि धेरै दौडधुप गर्नुपर्नेछ। तत्काल फाइदा नहुने काममा जुट्नुपर्ला। परिबन्धले चुनौती निम्त्याउन सक्छ। ठूलो भागको आशा राख्दा भएको वस्तुसमेत गुम्न सक्छ। अरूका विषयमा चासो लिँदा व्यर्थैमा झमेला बेहोर्नुपर्ला। स्वास्थ्यका लागि व्यायाम तथा आहारविहारमा विशेष ध्यान पुर्‍याउनुहोला। केही उपलब्धिका स्रोत भने पहिल्याउन सकिनेछ। सोचेको कुरा पूरा हुनेछ।

### कुम्भ

सुन्दर पहिरनले व्यक्तित्व निखार्ने अवसर प्राप्त हुनेछ। पहिलेका कमजोरी सुधार्दै जीवनशैलीमा परिवर्तन ल्याउन सकिनेछ। मिहिनेतले नाम, दाम र इनाम दिलाउनेछ। बिछोडिएका परिवारजनसँग भेटघाट हुनेछ। व्यापारमा राम्रो फाइदा लिन सकिनेछ। भौतिक साधन जुट्नाले दिगो योजना प्रारम्भ हुनेछ। परिस्थिति अनुकूल बनाइराख्न व्यवहारमा सजग रहनुपर्ला।

### मीन

भौतिक साधन जुट्नाले नयाँ योजनातर्फ अग्रसर भइनेछ। तर, परिस्थितिवश सामान्य काममा अलमलिनु पर्ला। अवसरवादीहरूले झुक्याउन सक्छन्। तापनि, मिहिनेतले काम बनाउन सकिनेछ। काम पूरा नभए पनि आंशिक फाइदा उठाउन सकिनेछ। पछिका लागि उपलब्धिको स्रोत पनि पहिल्याउन सकिनेछ। यसका लागि गोपनीयतामा भने ध्यान पुर्‍याउनुहोला। मनमा केही चिन्ता होला।

# समाचार संक्षेप

## बाढीपहिरामा ५९ जनाको मृत्यु

काठमाडौं। अविरल वर्षाको कारण देशका विभिन्न स्थानमा आएको बाढीपहिरो र डुबानमा परी गत जेठ ३० गतेदेखि हालसम्म ५९ जनाको मृत्यु भएको छ। मृत्यु हुनेहरूमा ३१ जना पुरुष, १७ जना महिला, ५ जना बालक र ६ जना बालिका रहेका छन्। तीमध्ये सिन्धुपाल्चोक र तनहुँमा ५/५ जना, डोटी, पाल्पा र गोरखामा ४/४ जना, रोल्पा, दाङ, दार्चुलामा ३/३ जना, खोटाङ, पाँचथर, रौतहट, सप्तरी, चितवन, धादिङ, सिन्धुली, म्याग्दी र प्यूठानमा २/२ जना, ललितपुर, सर्लाही, काभ्रे, मकवानपुर, कास्की, अर्घाखाँची, जुम्ला, कालिकोट, बझाङ र बाजुरामा १/१ जना रहेका छन्। पछिल्लो २४ घण्टाभित्र मृत्यु भएकामध्ये खोटाङमा १ जना र सिन्धुलीमा १ जना रहेका छन्।

बाढीपहिरो र डुबानमा परी उक्त अवधिमा ७३ जना घाइते भएका छन्। तीमध्ये ३७ जना पुरुष, १९ जना महिला, १२ जना बालक र ५ जना बालिका रहेका छन्। उनीहरूमध्ये तनहुँमा १० जना, पाल्पा र धादिङमा ६/६ जना, सिन्धुपाल्चोक र रोल्पामा ५/५ जना, धनुषा र सर्लाहीमा ४/४ जना, खोटाङ, कास्की, म्याग्दी र डोटीमा ३/३ जना, चितवन, वाग्लुङ, गोरखा, दाङ, जुम्ला, दार्चुलामा २/२ जना, पाँचथर, संखुवासभा, रौतहट, दोलखा, स्याङ्जा, हुम्ला, सल्यान, अछाम, बाजुरामा १/१ जना रहेका छन्। घाइतेहरूलाई स्थानीय अस्पतालमा उपचार गरिएको छ।

बाढीपहिरोमा परी २७ जना बेपत्ता भएका छन्। तीमध्ये १७ जना पुरुष, ६ जना महिला, ३ जना बालक र १ जना बालिका रहेका छन्। उनीहरूमध्ये सिन्धुपाल्चोकमा २० जना, चितवनमा ३ जना, पर्वतमा २ जना तथा बाजुरा र बाग्लुङमा १ जना रहेका छन्। वेपत्ताको खोजी कार्य जारी छ।

बाढीपहिरोमा परेका १ हजार २ सय ६८ जनाको विभिन्न ठाउँबाट उद्दार गरिएको छ। उद्धार गरिएकामध्ये मनाङमा ६ सय ५६ जना, चितवनमा ४ सय २ जना, सिन्धुपाल्चोकमा १ सय २३ जना, दोलखामा ३५ जना, नवलपरासी(पूर्व) १८ जना, लमजुङ र सल्यानबाट ८/८ जना, जाजरकोटमा ७ जना, गोरखा र दाङमा ४/४ जना र कञ्चनपुरमा ३ जना रहेका छन्। उद्धारपश्चात उनीहरूलाई तत्काल उपचारका लागि विभिन्न अस्पतालमा लगिएको थियो।

बाढीपहिरोको कारण अवरोध भएका विभिन्न स्थानका सडक प्रहरी समेतको पहलमा सुचारु गराइएको छ। साथै वर्षाको कारण अछाम, मुस्ताङ र चितवन लगायतका स्थानहरूमा सोमबार पहिरो गई अवरोध भएका सडक पहिरो हटाइ सुचारू गराउने कार्य जारी छ। बाढीको कारण १ हजार ५ सय १६ वटा घर डुबानमा परेका छन्। ५ सय ८३ वटा घर, १ सय ७ वटा गोठ, ४३ वटा पुल, ३ वटा विद्यालय र १३ वटा सरकारी कार्यालयमा क्षति पुगेको छ भने ८ सय ६९ वटा पशु चौपायको मृत्यु भएको छ। उक्त अवधिमा भएका जम्मा ६ सय वटा विपद्का् घटनाबाट १ हजार १ सय ७६ वटा घर परिवारका ५ हजार ४ सय ९५ जना मानिस विस्थापित भएका छन्।

चितवन, इच्छाकामना गाउँपालिका-६ कालिखोलास्थित नारायणगढ मुग्लिन सडक खण्डमा ढुङगा र लेदो सहितको पहिरो जाँदा सडक अवरोध भएको छ। सडक अवरोध भएको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय मुग्लिनबाट खटिएको प्रहरीले सडक डिभिजनसँग समन्वय गरी सडक खुलाउन आवश्यक पहल गरिरहेको छ।

यसैगरी बारा प्रसौनी गाउँपालिका-६ बेलहिया टोल बस्ने ४५ वर्षीय कृष्णा मुरारी राउत अहिरको छोरा १२ वर्षीय गौरी शंकर यादबको सोही ठाउँस्थित वग्री खोलामा डुबेर आइतबार साँझ मृत्यु भएको छ। पौडी खेल्ने क्रममा डुबेर उनको मृत्यु भएको हो।

लहान नगरपालिका-१३ घले टोल बस्ने रामनाथ साहको छोरा ६ वर्षीय कमलदेव साहको सोही ठाउँस्थित श्री जनता माध्यामिक विद्यालयको कम्पाउन्डभित्र भवन निर्माणको लागि खनेको खाल्डोमा जमेको पानीमा डुबेर सोमबार बिहान मृत्यु भएको छ। उक्त स्थानमा खेल्ने क्रममा डुबेर अशक्त भएका उनको उपचारको लागि धनगढीस्थित आरके मेडिसिटी अस्पतालतर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको हो।

## गाडीबाट लडेर मृत्यु

सिरहा ।औरही गाउँपालिका-३ स्थित बिवाहमा जन्ती लिई आएको हाल नम्बर नखुलेको म्याजिक गाडीको पछाडिबाट लडेर सोही ठाउँ बस्ने नन्द कुमार यादवको छोरा १० वर्षीय चन्दन कुमार यादवको आइतबार राति मृत्यु भएको छ। उक्त म्याजिक पछाडीबाट लडेर गम्भीर घाइते भएका उनको उपचारको लागि जिल्ला अस्पताल सिरहातर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको हो।

## मृत फेला

काठमाडौं। झापा बिर्तामोड नगरपालिका-५ बस्ने २६ वर्षीया सिर्जना बस्नेत आफ्नै घर अगाडि बाटो छेउमा सोमबार बिहान मृत अवस्थामा फेला परेकी छन्।

कालिकोट, राष्कोट नगरपालिका-७ गैरीगाउँ बस्ने ४८ वर्षीया पन्चु रोकाय घर नजिकै बारीमा सोमबार मृत अवस्थामा फेला परेकी छन्। मोरङ, सुन्दरहरैचा नगरपालिका-६ स्थित गछिया खोलामा सोही नगरपालिका-७ बस्ने २४ वर्षीया छेमनी रिसिदेव सोमबार मृत अवस्थामा फेला परेकी छन्। इलाम नगरपालिका-७ स्थित उच्च अदालत बिराटनगर ईलाम इजलाशको कम्पाउण्डभित्र बलेशीमा सोलुखुम्बु, नेचा सल्यान गाउँपालिका-२ तोदी घर भई सोही अदालतमा कार्यरत कार्यालय सहयोगी ४६ वर्षीया बिमला पराजुली सोमबार मृत अवस्थामा फेला परेकी छन्।

## सवारी दुर्घटनामा ३ जनाको मृत्यु

काठमाडौं। रूपन्देही, तिनाउ गाउँपालिका-२ सिस्नेरीस्थित सडकमा लु.२ त २५३ नम्बरको ट्र्याक्टर अनियन्त्रित भई सडकबाट करिब ७ मिटर तल खोल्सामा खसेर आइतबार साँझ दुर्घटना हुँदा ट्र्याक्टर चालक सोही ठाउँ दोभान बस्ने ३८ वर्षीय दुर्गा बहादुर गाहाको घटनास्थलमै मृत्यु भएको छ। दुर्घटनामा घाइते भएका सोही ट्र्याक्टरका सहचालकको स्थानीय मेडिकलमा उपचार भइरहेको छ।

मोरङ, सुन्दरहरैचा नगरपालिका-७ गोठगाउँस्थित सडकमा को.१ ख ७८२९ नम्बरको बसबाट ओर्लने क्रममा लडेर बसमा सवार सोही ठाउँ बस्ने २७ वर्षीय दिपेन कटेलको आइतबार साँझ मृत्यु भएको छ। लडेर गम्भीर घाइते भएका उनको नोबेल अस्पताल बिराटनगरमा उपचारको क्रममा मृत्यु भएको हो। बस चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

महोत्तरी, गौशाला नगरपालिका-५ स्थित सडकमा हाल नम्बर नखुलेको मोटरसाइकल अनियन्त्रित भई आइतबार राति दुर्घटना हुँदा मोटरसाइकलमा सवार औरही नगरपालिका-४ कबिलासा बस्ने २३ वर्षीया निसा साहको मृत्यु भएको छ। दुर्घटनामा गम्भीर घाइते भएकी उनको प्रादेशिक अस्पताल जनकपुरमा उपचारको क्रममा मृत्यु भएको हो। हाल फरार मोटरसाइकल चालकको प्रहरीले खोजी गरिरहेको छ।

## मृत अवस्थामा फेला

काठमाडौं। कास्की, पोखरा महानगरपालिका-३२ खुदी खोला र ताल खोलाको दोभानमा सोही ठाउँ बस्ने धादिङ घर भएका ७६ वर्षीय टंक प्रसाद रिजाल सोमबार मृत अवस्थामा फेला परेका छन्। पर्सा, वहुदरमाई नगरपालिका-६ गमहरीया बस्ने ६५ वर्षीय नगिना साह कानु आइतबार मृत अवस्थामा फेला परेका छन्। ट्वाइलेट गर्न गएको धेरै समयसम्म घर नफर्किएपछि खोजी गर्ने क्रममा घरदेखि ५ सय मिटर टाढा माछापोखरीमा डुबेर मृत्यु भएको अवस्थामा उनको शव फेला परेको हो। भक्तपुर, मध्यपुर ठिमी नगरपालिका-१ लोकन्थली मनहरास्थित राखिएको कन्टेनरभित्र हाल नाम, थर, वतन नखुलेका करिब २८ वर्षीय पुरुष आइतबार मृत अवस्थामा फेला परेका छन्।

सुनसरी, ईटहरी उपमहानगरपालिका-१३ खिरखिरिया टोलस्थित बाटोको छेउमा हाल नाम, थर, वतन, नखुलेकी ६० वर्षीया महिला आइतबार मृत अवस्थामा फेला परेकी छन्। यस्तैकाठमाडौं महानगरपालिका-१६ बालाजुचोकस्थित सडक छेउमा सोही ठाउँ जनजागृती टोल घर भएकी ३८ वर्षीया कौसिला नेपाली आइतबार मृत अवस्थामा फेला परेकी छन्। रुपन्देही, तिलोत्तमा नगरपालिका-३ सिमानगरस्थित तिनाउ नदीमा बुटवल उपमहानगरपालिका-११ विनापोत बस्ने ६४ वर्षीय निल बहादुर श्रेष्ठ् आइतबार मृत अवस्थामा फेला परेका छन्।

## चट्याङमा परी मृत्यु

कञ्चनपुर। भिमदत्त नगरपालिका-९ मटैना बस्ने ५३ वर्षीय वीर सिंह महराको आइतबार बिहान चट्याङ लागेर मृत्यु भएको छ। घरभित्र बसिरहेको अवस्थामा उनको चट्याङ लागेर मृत्यु भएको हो। साथै चट्याङ लागेर घाइते भएका उनका छोरा १८ वर्षीय लाल सिंह महराको प्रादेशिक अस्पताल महाकालीमा उपचार भइरहेको छ।

# अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Rubric = शब्द सूची You have to consult rubric to find his name in this directory (यो निर्देशिकामा उस्को नाम पत्ता लगाउन तिमिले शब्दसूची हेर्नु पर्दछ )

Supersede = उछिन्नु The use of moterbikes has superseded the car in this place (यो ठाउमा मोटरसाइकलको प्रयोगले कारलाई उछिनेको छ)

Transgression = कानूनको उलंघन For transgression, they were taken into custody (कानूनको उलंघन गरेकोले तिनीहरू समातिए)

Unprecedented = कहिले नभएको, नौलो His novel recorded an unprecedented success (उस्को उपन्यासले पहिले कहिल्यै नभएको सफलता हासिल गर्‍यो )

Visionary = काल्पनिक Visionary schemes are always difficult to realize (काल्पनिक योजनाहरू कार्यान्वयन गर्न गाहारा हुन्छन )

Wizened = चाउरी परेको Although he is a wizened old man, his physical performance is incomparable (उ चाउरी परेको वुढा भएतापनि उस्को शारिरिक दक्षता अतुलनीय छ)

Ascetic = सादा, थोरैले पुग्ने Buddhist monks tend to pass an ascetic life (वौध्द भिक्षुहरूले सादा जीवन ब्यतित गर्ने गर्दछन )

Breach = उलंघन गर्नु As one of the contracting party breached the provisions made in the understanding, the other party declared the contract immediately invalid (संझौता गरेको एक पक्षले संझौतामा सहमति भएका कुराको उलंघन गरेको हुंदा अको पक्षले तुरन्तै संझौता खारेज गरिदियो )

Cynosure = केन्द्रविन्दु As the renowned actress entered the hall, she became the cynosure of all the eyes (जुलुसमा भाग नलिने उस्को कातरपूर्ण नकारोक्तिको सबैद्वारा आलोचित भयो )

Disseminate = फैलाउनु, छर्नु Ideas now can be dissiminated all over the world within a minute through the use of Internet (इण्टरनेटको माध्यम द्वारा कुनै पनि नया विचारधारालाई तुरन्तै विश्वभर फैलाउन सकिन्छ )

# Serve बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Serve somebody something = कसैलाइ केही कुरा वाढ्नु गर्नु He served sweets to the children उस्ले वालवालिका मिठाइ वाढ्यो।

Serve somebody with = वितरण गर्नु Town administration has served the people with pure drinking water नगर प्रशासनले जनताहरुलाई शुध्द पानी वितरण गरेको छ।

Serve for = केही कुराको लागि उपयुक्त हुनु This room serves well for the study यो कोठा अध्ययन गर्नको लागि उपयुक्त छ ।

Serve somebody = पुग्नु This packet of soup serves two सुपको यो प्याकेट दुइजनाको लागि पुग्छ।

Serve as = रुपमा काम गर्नु She served five years as my assistant तिन्ले मेरो सहयोगीको रुपमा ५ वर्ष सेवा गरिन।

Serve on = कसैलाइ जारी गर्नु Apex court served interim order on the the government उच्च न्यायालयले सरकारलाई अन्तरिम आदेश जारी गर्‍यो।

Serve the ball = खेल शुरु गर्नु Before serving the ball, he meditated for a while खेल शुरु गर्नु अघि उ एकै क्षण ध्यान मग्न भयो।

Serve as = रुपमा प्रयाग हुनु This room can serve as kitchen यस कोठालाई भान्छाको रुपमा प्रयोग गर्न सकिन्छ।

First come first serve = पहिला आउनेले शुरु गर्ने We have here first come first serve system हाम्रो यहा पहिला आउनेले शुरु गर्ने चलन छ।

Serve = लगाउनु His bull will come to serve our cow tomorrow भोली हाम्रो गाइलाई उस्को गोरु लगाइने छ।

## सुडोकु-अंक २२५

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | ८ | १ | | ३ | | | |
| ६ | | | ७ | | | | | |
| | ७ | | | | | ५ | | |
| | | | | | ९ | | ६ | १ |
| ७ | | ५ | | | ४ | २ | | |
| २ | | | | | | | | ८ |
| | २ | ६ | | | | | | |
| | ९ | | | | २ | | | |
| ५ | | ३ | ८ | | | | १ | |

## अंक २२४ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | ४ | ९ | ७ | ८ | १ | २ | ३ | ६ |
| ६ | १ | ३ | ४ | ७ | २ | ९ | ५ | ८ |
| ३ | ८ | २ | ९ | ६ | ५ | ७ | १ | ४ |
| २ | ५ | १ | ३ | ७ | ४ | ८ | ६ | ९ |
| ९ | ७ | ८ | ५ | १ | ६ | ४ | २ | ३ |
| ४ | ६ | ३ | २ | ९ | ८ | ५ | ७ | १ |
| १ | ९ | ४ | ६ | २ | ७ | ३ | ८ | ५ |
| ७ | ३ | ६ | ८ | ५ | ९ | १ | ४ | २ |
| ८ | २ | ५ | १ | ४ | ३ | ६ | ९ | ७ |

# LET US REUNIFY THE COUNTRY INDEPENDENTLY AND PEACEFULLY

*KIM IL SUNG REPORT TO THE SIXTH CONGRESS OF THE WORKERS' PARTY OF KOREA ON THE WORK OF THE CENTRAL COMMITTEE (EXCERPT)*

*October 10, 1980*



**KIM IL SUNG**

Based on the noble ideals and principles laid down in the July 4 North-South Joint Statement, and taking into consideration the actual situation in our country in which different ideologies and social systems exist in north and south, we must seek the shortest and surest way to national reunification and make positive efforts to reunify the country.

Our Party considers that the most realistic and reasonable way to reunify the country independently, peacefully and on the principle of great national unity is to draw the north and the south together into a federal state, leaving the ideas and social systems existing in the north and south as they are.

For a long time, ever since liberation, different social systems have existed and different ideas have prevailed in north and south. If, in these circumstances, the country is to be reunified through national union, neither side should regard its own ideology and social system as absolute. If the north or the south should consider its own ideology and social system absolute or try to force them on the other side, it will inevitably lead to confrontation and conflict, and this will lead to the further aggravation of the state of division. Since the entire people regard national reunification as the supreme task, the differences in ideology and system should not be an insurmountable barrier to reunification. People with different ideas can live in one country, and different social system can coexist in a unified country. We will never force our ideas and social system upon south Korea and will subordinate everything to the interests of national union and reunification.

Our Party maintains that the country should be reunified by founding a Federal Republic through the establishment of a unified national government on the condition that the north and the south recognize and tolerate each other's ideas and social systems, a government in which the two sides are represented on an equal footing and under which they exercise regional autonomy with equal rights and duties.

It will be reasonable if, in the unified state of a federal type, a supreme national federal assembly is formed with an equal number of representatives from the north and south and an appropriate number of representatives of overseas nationals; this assembly should also form a federal standing committee to guide the regional governments of the north and south and to administer all the affairs of the federal state.

As the unified government of the federal state, the supreme national federal assembly and the federal standing committee, its permanent organ, should discuss and decide political affairs, matters of national defence, foreign affairs and other matters of common concern related to the interests of the country and the nation as a whole, fairly and in accordance with the desire for national unity, cooperation and reunification; they should also promote the coordinated development of the country and the nation and realize unity and cooperation between the north and south in all spheres. The unified government of the federal state should respect the two social systems, as well as the wishes of the administrative organizations, every party, every group, and every section of the people in the north and south and prevent one side from imposing its will on the other.

Under the leadership of the federal government, the regional governments in north and south should follow an independent policy within limits that are consistent with the fundamental interests and demands of the whole nation, and strive to narrow down the differences between north and south in all spheres and to achieve the coordinated development of the country and the nation.

It would be a good idea to call the federal state the Democratic Federal Republic of Koryo, after a united state that once existed in our country and is well known to the world; such a name will also serve to reflect the common political aspirations of the north and south for democracy.

The DFRK should be a neutral country which does not join any political-military alliance or bloc. Since the two parts of the country, north and south, with different ideas and social systems are to be united to form a single federal state, it is necessary and most reasonable for the DFRK to be a neutral state.

The DFRK, as a united state embracing the whole territory and all the people of our country, should pursue a policy which accords with the fundamental interests and demands of the entire Korean people.

Our Party deems it appropriate that the DFRK should put forward and carry out the following policy:

First, the DFRK should adhere to independence in all state activities and pursue an independent policy.

Independence is the basic mark of an independent state; it is the lifeblood of the country and the nation. Only when a state exercises sovereignty with firm independence in its activities can it uphold the dignity and honour of the nation and ensure the development and prosperity of the country in keeping with the desires of the people.

The DFRK should be a fully independent and sovereign state and a non-aligned nation which is not a satellite of any other nation and does not depend on any foreign forces.

The DFRK should oppose all forms of foreign interference and dependence on foreign forces, exercise complete sovereignty in its internal and external activities and settle all questions arising in state politics independently in keeping with the fundamental interests of the Korean nation and the actual situation in our country.

Second, the DFRK should effect democracy throughout the country and in all areas of society and promote great national unity.

Democracy is a common political idea desirable for and acceptable to people with differing thoughts and political views, and is a noble right due to people from all walks of life as masters of the state and society.

The DFRK should develop a full democratic social and political system which opposes dictatorship and intelligence politics and firmly guarantees and defends the freedoms and rights of thepeople.

The federal state should guarantee freedom to form political parties and social organizations and their freedom of action, freedom of religious belief, speech, the press, assembly and demonstration, and guarantee the rights of the people in north and south to travel freely across the country and to conduct political, economic and cultural activities freely in any area.

The federal government should pursue a fair policy which will guarantee equality between the interests of the two regions, two systems, different parties, groups, classes and circles in the country without bias towards either side. All the policies pursued by the federal government should proceed from the principle of great national unity and contribute to the uniform development and prosperity of the country through the strengthening of national unity and cooperation.

The federal government should not question the past records of any of the organizations or individuals in the north or the south that work for the development of the unified state, but should join hands with them, and should not allow any form of political reprisal or persecution.

Third, the DFRK should effect economic cooperation and exchange between north and south and ensure the development of an independent national economy.

In the two parts of our country there is a wealth of natural resources that can still be exploited and also the economic foundations that have been built in the past. If, once the country is reunified, the north and the south develop their natural resources jointly and use their existing economic foundations effectively through cooperation and mutual assistance, our national economy will be able to develop at a very rapid pace, and our people will all be able to enjoy as good a life as any other people.

Economic cooperation and exchange between north and south should be realized on the basis of recognizing the different economic systems and diverse economic activities of enterprises in the two parts of the country. The federal government should recognize and protect state, cooperative and private property in the north and south as well as personal effects, and refrain from restricting or encroachinguponthepropertyofcapitalistsandtheirbusiness activities as long as they help develop the national economy and do not engage in monopolist or comprador activities.

The federal state should ensure that the north and the south jointly develop and exploit mineral, marine and other natural resources, and further the division of labour and promote trade extensively on the principles of cooperation and mutual accommodation, while coordinating the economic activities of all production units and enterprises in keeping with the interests of the various classes and circles. It would be advisable for the authorities and enterprises in the north and south to set up and operate joint companies, common markets and the like rationally.

The federal state should, through extensive cooperation and exchange between the two parts of the country, develop the economies of the north and south to make them an organically interlinked independent national economy.

Fourth, the DFRK should realize north-south exchange and cooperation in the spheres of science, culture and education and ensure the uniform progress of the country's science and technology, national culture and arts, and national education.

Our people have time-honoured, glorious cultural traditions. Resourceful and talented, our nation has, since olden times, admirably developed science, technology, culture and arts. Since liberation, large numbers of able scientists and technicians, as well as talented cultural workers and artists, have grown up in the northern and southern parts of our country. If they pool their efforts and talents through exchange and cooperation, our science and technology, national culture and arts will flourish even more brilliantly.

The federal state should ensure that scientists and technicians in the north and south undertake scientific research jointly and exchange their experience and achievements on a wide scale so that science and technology in our country develop rapidly.

The federal state should actively encourage exchange and cooperation between artists and sportsmen from the north and south and ensure that the scientists in the two halves together uncover and protect the cultural heritage of our nation and that they study and develop our unique written and spoken language. If this is done, our national culture and arts will flourish to the full and the unique characteristics of our people as a homogeneous nation will be preserved.

Education is a very important undertaking which decides the fate of the nation. The federal government should train large numbers of able technical experts and steadily raise the cultural and intellectual levels of the entire people by developing a popular education system and giving active state and social support to educational work.

Fifth, the DFRK should reopen transport and communications links between the north and south and ensure the free use of the means of transport and communications all across thecountry.

Transport and communications represent the arteries and nervous system of the country. Because the territory has been divided in two and transport and communications have been severed, our people cannot see or hear from their families and relatives, although they live within easy reach. This is a tragedy. Restoring transport and communications links between the north and south is the only way to end the national tragedy and realize full political, economic and cultural exchange and cooperation.

The federal state should restore the railways and roads linking the north and the south and open shipping and air routes to ensure free travel by land, sea and air between the two halves of the country. In addition, steps should be taken to open telegraph and telephone services as well as an unrestricted postal service covering all areas of the north and the south.

The federal government should ensure that the north and the south jointly use the transport system and the telegraph facilities and postal services and, in addition, gradually move towards running them jointly so that in the future one transport and communications system will exist across the whole country.

Sixth, the DFRK should ensure a stable livelihood for the entire people including the workers, peasants and other working masses and promote their welfaresystematically.

The working masses are the masters of the state and society and the creators of all material wealth. Guaranteeing a stable life for the working people and steadily promoting their well-being should be the most important principle in the activities of a democratic state which serves the people, and this is also a duty to the nation devolving on the unifiedgovernment.

In all its activities the federal state should give priority to stabilizing the lives of the people from all social strata including the workers, peasants and other sections of the working people and to promoting their welfare. It should ensure a decent life for everyone by guaranteeing adequate living conditions for the entire working people with regard to food, clothing and shelter and by raising the living standards of the poor to those of the middleclass.

The federal state should provide work for all able-bodied people, ensure adequate conditions for work and rest and introduce a wage system, a price policy and an equitable tax system so as to guarantee a stable livelihood for the working people. Steps should be taken for different enterprises, including small and medium-sized ones, to conduct production activities on a normal basis in order to ensure the working people's livelihood and, in particular, the state should give active support to the poor peasants and fishermen, small merchants and handicraftsmen in theirwork.

The federal state should pay close attention to the education of the working people and the improvement of health services for them and adopt adequate measures to this end, so that all working people and their families can receive an education and medical treatment.

Seventh, the DFRK should remove the state of military confrontation between the north and south and form a combined national army to defend the nation against invasion.

Military confrontation between the huge armed forces of the north and south gives rise to misunderstanding, mistrust and discord and is a threat to peace.

The federal state should reduce the military strength of the two sides to 100,000-150,000 men each in order to end the state of military confrontation between north and south and bring fratricidal strife to an end once and for all. At the same time, it is essential to abolish the Military Demarcation Line between north and south, dismantle all military installations in its vicinity, dissolve militia organizations in both halves of the country and prohibit the military training of civilians.

The federal state should amalgamate the Korean People's Army and the "National Army" of south Korea and form a single combined national army. As the national army of the unified state independent of either side, north or south, the combined national army should undertake the duty of national defence under the unified leadership of the federal government. All costs incurred in maintaining the combined national army and in defending the country should be borne jointly by the north and the south.

Eighth, the DFRK should defend and protect the national rights and interests of all overseas Koreans.

Many of our Korean compatriots are living abroad. As their motherland, the DFRK should assume the responsibility and duty of defending and protecting their national rights and interests.

The DFRK should make vigorous efforts to enable all Korean nationals living abroad to enjoy their internationally accepted legal rights and liberties, and give them strong support and encouragement in their struggle for democratic national rights.

The federal government should guarantee the rights of all our overseas compatriots to travel freely to their motherland and to return home and live and act freely at a place of residence of their choice.

Ninth, the DFRK should deal properly with the foreign relations established by the north and the south prior to reunification, and should coordinate the foreign activities of the two regional governments in a unified manner.

It is only when the foreign relations built up by the north and the south prior to national reunification are conducted in the right manner that it will be possible to ensure both the interests of the nation as a whole and the interests of the two halves of the country within the framework of the unified state and to enable the federal statetodevelopfriendlyrelationswiththevariouscountries of the world on an equitable footing. Furthermore, in view of the fact that even after reunification the north and the south will maintain separate foreign relations with other nations on a limited scale, the federal government will need to coordinate the foreign activities of the two regional governments properly in a unified manner.

The DFRK should repeal all the treaties and agreements with other countries that are detrimental to national unity, including military treaties concluded separately by the north and the south prior to reunification. Of the foreign relations established by the north and the south, those relations, economic relations included, that do not run counter to the common interests of the nation should be maintained.

The federal state should permit the north and the south to cooperate economically with other countries irrespective of the social system of the country involved. It should leave intact the capital invested by other nations in south Korea prior to the reunification of the country and continue to guarantee the concessions of these countries.

The DFRK should permit the governments of the two halves of the country to establish bilateral relations with other countries. The federal state will have to coordinate the foreign relations of the north and the south properly to make sure that the two regional governments act consistently with each other in their foreign activities.

Tenth, the DFRK should, as a unified state representing the whole nation, develop friendly relations with all the countries of the world and pursue a peaceful foreign policy.

The DFRK should be the only representative of the entire Korean nation in its foreign relations. The federal state should represent the entire Korean Nation at the United Nations and in other international organizations and must send a single delegation to all international gatherings where the whole nation is to be represented.

The DFRK should adhere to the line of neutrality, follow the policy of non-alignment and develop friendly relations with all nations on the principles of independence, noninterference in internal affairs, equality, mutual benefit and peaceful coexistence. In particular, it should actively develop neighbourly relations with the countries surrounding ours.

The DFRK should be a peace-loving nation and pursue a peaceful foreign policy. A unified Korea will not threaten aggression against the countries neighbouring ours or any other nations of the world and will not be a party to or cooperate in any international act of aggression. The federal state should make the Korean peninsula a permanent peace zone and nuclear-free zone. To this end, it should ban the presence of foreign troops and foreign military bases on its territory and prohibit the manufacture, introduction and use of nuclear weapons.

The ten-point policy for the DFRK accurately reflects the common aspirations and demands of the entire Korean nation and illuminates the road ahead for a unifiedKorea.

The plan for national reunification and the ten-point political programme for the unified state proposed by our Party on this occasion will win the active support and approval of all the Korean people and will be warmly welcomed by the people of the world.

Our Party will make every effort to put the new plan for national reunification into effect as soon as possible and so satisfy the ardent desires of our 50 million brethren to live happily in a unified homeland.

In order to found a Federal Republic and achieve national reunification as proposed by our Party, all Korean nationals, in the north and south and abroad, should fight, rallied closely together to form a great national united front under the banner of national reunification, regardless of any differences in ideology, social system, party affiliation or political views.

The road ahead of our Party and people in their struggle for the country's independent and peaceful reunification is still beset with many difficulties and obstacles. But we will, without fail, overcome them and ultimately accomplish the historic cause of national reunification through the united efforts of the whole nation.

When the DFRK is founded and the country is reunified through the unity of the whole nation and cooperation between the north and south, our country will be able to make its appearance in the world arena with great dignity and authority as an independent and sovereign state with a population of 50 million, brilliant national culture and a strong national economy, and an ever-prosperous people's paradise will have been established in our land of three thousand ri.

## काठमाडौंमा...

नेपाल आइपुगेको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले एक डोज मात्र लगाए पुग्ने उक्त खोप ५०-५४ वर्ष उमेर समूहलाई लगाउने निर्णय गरिसकेको छ।

यसैगरी उक्त खोप पूर्ण र अति अशक्त अपाङ्गता (वर्ग क र ख) भएका नागरिकहरू, नेपालमा बसोबास गरिरहेका शरणार्थीहरू र यसअघि खोप लगाउन छुटेका स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी र सरसफाइकर्मीहरूलाई समेत खोप दिने निर्णय गरेको छ। मंगलबारदेखि सुरु भएको भेरोसेलको पहिलो डोज खोप कार्यक्रम सञ्चालन भएकै ४४ वटा खोप केन्द्रबाट जोन्सन एण्ड जोन्सनको खोप कार्यक्रम सञ्चालन गर्ने निर्णय समितिले गरेको छ।

## चुनौतीका...

कार्यकारी प्रमुख बनेका छन्। उनले विश्वासको मत जुटाउने ध्येयका साथ अभ्यास सुरु गरिसकेका छन्। कोभिड १९ को महाकारीले मुलकलाई आक्रान्त पारेको र राजनीतिक ध्रुवीकरण पनि अति नै बढेको असामान्य समयमा प्रधानमन्त्री बन्न पुगेका देउवाको यो पाँचौं कार्यकाल पनि निकै चुनौतीपूर्ण देखिन्छ। संविधानअनुसार ३० दिनभित्र उनले विश्वासको मत लिन सक्छन् कि सक्दैनन् भन्ने कुराले मुलुकको मुख्य राजनीतिक दिशा मात्र होइन, यो सरकार र संसदको पनि कार्यावधि तय गर्नेछ। संसदमा विश्वासको मत जिते पनि नजिते पनि विधिको शासन सुनिश्चित गर्नेदेखि कोभिड महामारी नियन्त्रण र सुशासन कायम गर्नेसम्मको कार्यमा देउवा सरकार खरो नउत्रिए पूर्ववर्ती सरकारभन्दा भिन्न हुने छैन।

देउवा सरकार संविधानसभा निर्मित संविधान जारी भएपछि निर्वाचित पहिलो संसदले बनाएको दोस्रो सरकार हो। त्यसो त राष्ट्रपति कार्यालयले जालसाजी नगरेको भए जेठ ७ गते नै देउवा प्रधानमन्त्री भइसक्थे। राष्ट्रपति विद्यादेवी भण्डारी र तत्कालीन प्रधानमन्त्री केपी ओलीको संयुक्त जालसाजीलाई सर्वोच्च अदालतले परमादेशबाट सच्याइदिएपछि मंगलबार बल्ल देउवाले सत्ताको बाग्डोर सम्हाल्न पाएका छन्। देउवा सरकारको प्रमुख दायित्व भनेको संविधानले अपनाएका गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता, समावेशी राज्यजस्ता व्यवस्था तथा चरित्रलाई थप संस्थागत गर्नु हो। व्यवस्थापिका मास्ने र संविधानलाई कोमामा पुऱ्याउने कुचेष्टालाई सर्वोच्च अदालतले सच्याएपछि संविधानवाद र विधिको शासनलाई सुनिश्चित गर्नुपर्ने अहं दायित्व पनि देउवा सरकारकै काँधमा छ।

संवैधानिक परिषद्सम्बन्धी असंवैधानिक अध्यादेश खारेज गर्ने र संसदमा दर्ता भएका कतिपय विधेयकका त्रुटिहरू एवं नागरिकका मौलिक हक खोज्ने प्रकृतिका प्रावधानहरू सच्याउने जिम्मा पनि देउवा सरकारमै आइपुगेको छ। संसदलाई प्रभावकारी बनाउन पनि सरकारको मुख्य कार्यभारभित्रै पर्छ। संसदलाई परिणाममुखी बनाउन सत्तापक्ष र प्रतिपक्ष दुवैको भूमिका हुने भएकाले त्यसका निम्ति सरकारले रचनात्मक शैली अपनाउन सक्नुपर्छ। संसदमा लामो समयसम्म विचाराधीन रहेका नागरिकतादेखि निजामती कर्मचारीसम्मका महत्वपूर्ण र अति जरुरी विधेयकहरूलाई छिटो पारित गराउन सरकारले सकारात्मक भूमिका खेल्नुपर्छ। यसका अतिरिक्त तेजाव तथा घातक रासायनिक पदार्थ नियमन र आक्रमणकारीलाई कडा कारबाही गर्न र खोप तथा औपाधिको आपतकालीन प्रयोग गर्न ल्याइएका अध्यादेशहरूलाई पनि संसदमा पेस गरेर पारित गराउन जोड दिनुपर्छ। संसदलाई सत्ताको छायाँ होइन, लोकतन्त्रको प्राणका रुपमा रहन दिनुपर्छ।

अहिले मुलुकको सबभन्दा ठूलो र प्राथमिक विषय कोभिड महामारीलाई नियन्त्रण गर्नु नै हो। लामो समयको निषेधाज्ञाका बाबजुद कोभिड महामारीको ग्राफ सोचे जसरी घटेको छैन। संक्रमण दर २० प्रतिशतभन्दा बढी नै छ। दैनिक १८ जनाभन्दा माथिको संख्यामा बिरमीहरूको निधन भइरहेको छ। त्यसैले सरकारले चाँडोभन्दा चाँडो नागरिकहरूलाई खोप लगाएर संक्रमण दरको पारो ओराल्न जरुरी छ। अहिलेसम्म खोप दिने प्रतिबद्धता जनाइसकेका मुलुकबाट आउने खोपले मात्र सबैलाई पुग्दैन। आवश्यक थप मात्रा प्रबन्ध यथाशक्य चाँडो सरकारले मिलाउनुपर्छ। देशभित्र यसको समानुपातिक वितरणमा पनि ध्यान पुऱ्याउन त्यत्तिकै जरुरी छ। आवश्यक खाप लगाउन्जेलसम्म जनस्वास्थ्यका मापदण्डको उचित पालना गराउनुका साथै कोभिड परीक्षण र 'कन्ट्याक्ट ट्रेसिङ' दायरापनि बढाउनुपर्छ। सरकार जनताप्रति जिम्मेवार भएमा र जनताले पनि सरकारले निर्देशन गरेको जनस्वास्थ्यको मापदण्ड अपनाएमा कोभिड महाकारीलाई जित्न सकिन्छ। कोभिड महाकारीले आक्रान्त बनेका युरोपेली मुलुकहरू इटली, फान्स, स्पेन, बेल्जियम, पोर्चुगल, हँगेरी लगायत ल्याटिन अमेरिकी देश ब्राजिल, अर्जेन्टिना, उरुग्वे, पाराग्वे, इकवेडर, भेनेजुएला, कोलम्बिया अनि संयुक्त राज्य अमेरिका, भारत र चीन खोप र स्वास्थ्य मापदण्ड पालनाका कारण अहिले तंग्रिँदै छन्। नेपालमा भने कोभिडको अवस्था अझै डरलाग्दो रुपमै रहेको छ। जबसम्म संक्रमित दर ५ प्रतिशतमा झर्दैन, स्थिति सुध्रिएको मान्न नसकिने सरुवा रोग विशेषज्ञहरू बताउँछन्।

कोभिडले थिलथिलो बनाएको अर्थतन्त्रलाई चलायमान बनाउने, निषेधाज्ञाले चौपट बनाएको जनजीवनलाई सम्बोधन गर्न राहत प्याकेज ल्याएर राज्यको अनुभूति दिलाउने काम सरकारले गर्न सक्नुपर्छ। अनियन्त्रित बजार र मूल्यवृद्धि रोक्ने पहल गर्न पनि त्यत्तिकै जरुरी छ। सुशासन र भ्रष्टाचार शून्य सहनशीलतामा देउवाको छवि राम्रो छैन। त्यसलाई उनले सुधार गर्नैपर्छ। यस्तै ढुलमुले कूटनीतिलाई पनि सुधार गरी वैदेशिक सम्बन्धलाई प्रगाढ बनाउने दायित्व पनि सरकारकै हो।

## संसद...

विघटन भएको थियो। तर सर्वोच्च अदालतबाट वि.सं. २०५२ भदौ १२ गते विघटनलाई बदर गरी प्रतिनिधिसभा पुनर्स्थापना गरिएको थियो। नेपालमा तेस्रो पटक प्रतिनिधिसभाको बैठक चालु रहेको १५ औं अधिवेशनको बीचमै वि.सं. २०५५ माघ १ गते तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले नेपाल अधिराज्यको संविधान २०४७ बमोजिम प्रतिनिधिसभा पुनः विघटन गरी वि.सं. २०५६ वैशाख २० गते निर्वाचनको मिति तोक्ने सिफारिस गरेका थिए। सो सिफारिसअनुसार तत्कालीन राजाबाट सोही दिन प्रतिनिधिसभा विघटन भएको थियो।

त्यस्तै २०५४ पुस २४ गते तत्कालीन प्रधानमन्त्री सूर्यबहादुर थापाले प्रतिनिधिसभा विघटनका लागि तत्कालीन राजा वीरेन्द्रलाई सिफारिस गरेका थिए। राजाले सो सिफारिसलाई कार्यान्वयन नगरी सर्वोच्च अदालतसँग राय माग्दा सर्वोच्चले विघटन नगर्ने राय दिएको थियो। तसर्थ प्रतिनिधिसभा विघटनको सिफारिस कार्यान्वयन भएन। चौथो पटक वि.सं. २०५९ जेठ ९ गते प्रतिनिधिसभाको बैठक बस्ने गरी संसदको २२ औं अधिवेशन आह्वान भएकोमा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले वि.सं. २०५९ जेठ ८ गते प्रतिनिधिसभा विघटनका लागि सिफारिस गरेका थिए। निर्वाचनका लागि मिति तोक्न सिफारिस गरेबमोजिम सोही दिन प्रतिनिधिसभा जनआन्दोलनको बलले तत्कालीन राजा ज्ञानेन्द्र शाहबाट वि.सं. २०६३ वैशाख ११ गते राति ११ बजे पुनर्स्थापना भई २०६३ साल वैशाख १५ गते बैठक बस्ने गरी मिति समेत तोकिएको थियो।

पाँचौं पटक प्रधानमन्त्री केपी शर्मा ओलीले मन्त्रिपरिषद्को सिफारिससहित नेपालको संविधानबमोजिम र संसदीय प्रणालीको आधारभूत मर्म एवं अभ्यासबमोजिम भन्दै २०७७ पुस ५ गते प्रतिनिधिसभा विघटन गरियोस् भनी सिफारिस गरेका थिए। सो सिफारिसबमोजिम राष्ट्रपति विद्यादेवी भण्डारीबाट प्रतिनिधिसभा विघटन गरी वि.सं. २०७८ वैशाख १७ र २७ गते दुई चरणमा प्रतिनिधिसभाको निर्वाचन सम्पन्न गर्ने गरी मितिसमेत तोकेकी थिइन्। तर सर्वोच्च अदालतले प्रतिनिधिसभा विघटन विरुद्धको मुद्दामा परेका विभिन्न निवेदनउपर सुनुवाई गर्दै विघटनलाई असंवैधानिक कदम भन्दै २०७७ फागुन ११ गते पुनर्स्थापना गर्ने फैसला गरेको थियो। फैसला सुनाउँदै अदालतले १३ दिनभित्र संसद अधिवेशन बोलाउन परमादेश समेत जारी गरेको थियो। अदालतको फैसलापछि फागुन २३ गते पुनर्स्थापित प्रतिनिधिसभाको बैठक बसेको थियो।

छैठौं पटक प्रधानमन्त्री केपी शर्मा ओलीले गत जेठ ८ गते पुनः प्रतिनिधिसभा विघटन गरी आगामी कात्तिक २६ र मंसिर ३ गते मध्यावधि निर्वाचन तोक्ने गरी राष्ट्रपतिसमक्ष सिफारिस गरेका थिए। सोहीबमोजिम राष्ट्रपतिले प्रतिनिधिसभा विघटन गरी निर्वाचनको मिति तोकेकी थिइन्। सो विघटनका विरुद्धमा परेका विभिन्न निवेदनउपर सुनुवाई गर्दै सर्वोच्च अदालतले असार २८ गते संविधानका मूल्य र मान्यता अनुकूल नभएको ठहर गर्दै विघटनको कदमलाई बदर गरिदिएको छ। साथै अदालतले दुई दिनभित्र नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवालाई प्रधानमन्त्री बनाउने परमादेश समेत जारी गऱ्यो। परमादेशबमोजिम देउवा प्रधानमन्त्रीमा नियुक्त भएका छन्। साउन ३ गते प्रतिनिधिसभाको बैठक बोलाउन सर्वोच्चले भनेको छ।

## एमाले...

उनले भने- 'हाम्रै पार्टीभित्र विभिन्न शक्तिहरूको यस्तो घूसपैठ भयो, कतिपय व्यक्ति कमजोर तत्वहरूका विकाउमा परे। प्रतिक्रियावादीको पछि पछि लागेर पार्टीविरुद्ध, जनताविरुद्ध, लोकतन्त्रविरुद्ध आफ्नै सरकार ढाल्नका लागि विरोधीलाई प्रधानमन्त्री बनाउन हस्ताक्षर लिएर कहिले राष्ट्रपतिकहाँ पुगे, कहिले अदालत पुगे माधव नेपालजस्ता लाज, सरम हराएका मान्छे। विश्वासघाती तत्वका पछाडि लाग्नेहरूका सम्बन्धमा कमी कमजोरीहरू महसुस गरेर पार्टीमा आएर काम गर्न चाहनुहुन्छ भने मौका दिन्छौं। तर माधव नेपालको हकमा आत्मालोचना, टिप्पणी कुनै ठाउँ छैन। विकासप्रेमी आफ्नै सरकार ढाल्ने अगुवाई माधव नेपालले गरे।'

पार्टीभित्रकै असन्तुष्ट समूहको असहयोगका कारण सरकारबाट बाहिरिनु परेको निष्कर्षमा पुगेका एमाले अध्यक्ष ओलीले अब एक ढिक्का पार्टी असम्भव रहेको सन्देश दिएका छन्।

वातावरण

# चुरे क्षेत्रमा वैज्ञानिक उत्खनन् आवश्यक



**गणेश पराजुली**

**"चुरे व्यवस्थापनको दीर्घकालीन गुरूयोजनामा व्यवस्थित र वैज्ञानिक ढङ्गले निश्चित ठाउँबाट निश्चित परिमाणमा नदीजन्य सामग्री उत्खनन गर्न सकिने उल्लेख छ। माथिल्लो तटीय जलाधार क्षेत्रबाट बगेर आएको थेगर थिग्रेर नदी सतहमाथि उठेको स्थलबाट व्यवस्थित रूपमा नदीजन्य सामाग्री उत्खनन गर्नाले नदी बगर फैलावट नियन्त्रण गर्न सकिने गुरूयोजनाले प्रष्ट भनेको छ।"**

आर्थिक वर्ष ०७८/७९ को वजेट वक्तव्य सँगसगै चुरेक्षेत्र एकाएक चर्चामा आएको छ। बजेट वक्तव्यमा रहेको वाणिज्य शीर्षक अन्र्तगतको १९९ नम्बरको बुँदामा उल्लेखित 'वातावरणीय प्रभाव मूल्याङ्कनको आधारमा खानीजन्य ढुङ्गा, गिट्टी, बालुवा निकासी गरी व्यापार घाटा न्यूनीकरण गरिनेछ' भन्ने वाक्यांशका कारण चुरे संरक्षणकर्मीका साथै वातावरणविदहरू लगायत राजनीतिकर्मीहरू समेत वजेट वक्तव्यको यो प्रावधानको विपक्षमा उभिन पुगेका छन्। वजेटको यो व्यवस्था कार्यान्वयनमा आएमा यसले चुरे मात्र नभई पुरै भावर र तराईक्षेत्र समेत प्राकृतिक रुपमा ध्वस्त भई मरुभूमीमा परिणत हुने उनीहरूको तर्क छ।

वजेटको यो प्रावधान चुरेक्षेत्रसँग सम्वन्धित नरहेको र गिट्टी, बालुवा उत्खननको कार्य चुरे क्षेत्र बाहेकका निम्ति मात्र वातावरणीय प्रभाव मूल्याङ्कनका आधारमा गरिने भएकाले आशंका गर्नु व्यर्थ हुने सरकारी धारणा रहदै आएको भए तापनि हालै सर्वोच्व अदालतले अन्तरिम आदेशमार्फत वजेट वक्तव्यमा उल्लेखित यी प्रावधानहरू कार्यान्वयन नगर्न आदेश दिएपश्चात यो सवाल केही हदसम्म मत्थर हुन पुगेको छ। यद्यपी आशंकाहरू जीवितै छन्। आशंकाहरू जीवित रहनुको मुख्य कारण चुरे क्षेत्रको संवेदनशीलता नै हो। चुरे क्षेत्रले देशको जैविक विविधताका साथै अझ खासगरी तराई मधेश क्षेत्रको जनजीविकामा पार्ने प्रभाव ज्यादै महत्वपूर्ण भएकाले यस क्षेत्रमा थोरै मात्र प्राकृतिक सन्तुलन विग्रन गएमा यसले प्राकृतिक विपत्ति ल्याउन सक्छ।

### चुरे के हो ?

चुरे क्षेत्र हिमालय पर्वत शृङ्खलाको सबभन्दा दक्षिणवाट बगेर आएका सामग्रीले बनेको सबभन्दा कमजोर पर्वत श्रृंखला हो।हिमालय उत्पत्तिको क्रममा करोडौ वर्ष पहिले नदीजन्य पदार्थहरू थुप्रिएर यसको निर्माण भएको हो। शिवालिकको नामबाट समेत परिचित यो श्रृंखला पश्चिममा पाकिस्तानको इन्ड्स नदी देखि पूर्वमा भारतको ब्रम्हपुत्र नदीसम्म फैलिएको छ। नेपालमा पूर्व इलामदेखि पश्चिम कन्चनपुरसम्म ३७ वटा जिल्लाहरूमा करिव ८०० कि.मी. क्षेत्रमा फैलिएको चुरेले देशको कुल भू-भागको १२.७८ प्रतिशत ओगट्दछ।

### चुरे किन सम्वेदनशिल छ त ?

सामान्यतया खुकुलो पत्रे चट्टान भएको र महाभारतबाट बग्ने नदीहरू यही चुरे क्षेत्र भई तराईतर्फ बग्ने हुँदा भूमि, पानी, वनस्पति र जैविक विविधता जस्ता प्राकृतिक स्रोतहरू एवं वातावरणिय कोणवाट यो क्षेत्र अत्यन्त संवेदनशील मानिने गरिएको हो।

जैविक विविधताको कोणवाट पनि चुरे उत्तिकै महत्वपूर्ण मानिन्छ। देशका ७ वटा संरक्षित क्षेत्र यही चुरे तराई क्षेत्रमा पर्छ। जीवजन्तु विविधताको हिसाबले नेपालमा पाइने १,९१८ प्रजातिमध्ये १,३०८ चुरे तथा तराई मधेस क्षेत्रमा पाइन्छन्। नेपालमा पाइने सङ्कटोन्मूख ४९३ प्रजातिमध्ये ३१९ चुरे तथा तराई मधेस क्षेत्रमा पाइनुले यो क्षेत्रको महत्व दर्शाउदछ तराई हाम्रो अन्न भण्डार हो। यो क्षेत्रमा कूल जनसंख्याको ५० प्रतिशत मानिसहरूको बसोबास रहेको छ। यसरी यति ठुलो जनसंख्याको आश्रय स्थलको रुपमा रहेको तराई मधेशमा हुने जथाभाबी दोहन वा अव्यवस्थापनले बाढी र पहिरो दुवै जोखिम उच्च हुन जान्छ। चुरेका कारण प्राप्त प्राकृतिक स्रोतले नै तराई रहन सकेको हो। चुरेको महत्व त्यहाँको उत्पादकत्वमा मात्र नभई विपद्सँग पनि जोडिएको छ।

### चुरे संरक्षणका प्रयासहरू कस्ता छन् ?

चुरे संरक्षणमा विगत लामो समयदेखि एकाध प्रयासहरू निजी तथा सरकारी निकायहरूवाट हुँदै आएको परिणाम सन्तोषजनक नभएको यथार्थतालाई मध्यनजर गरी संरक्षणकर्मी एवं वातावरणविदहरूको चर्को आवाजलाई सम्वोधन गर्दै नेपाल सरकारले आर्थिक वर्ष २०६६/६७ मा राष्ट्रपति चुरे संरक्षण कार्यक्रम कार्यन्वयनको सुरूवात गरी यस क्षेत्रको संरक्षणमा ठोस प्रयास आरम्भ गरेको थियो। त्यस्तै २०७१ साउन ४ गतेदेखि चुरेमा ढुङ्गा, गिट्टी, बालुवाजस्ता सामग्री उत्खनन गर्न बन्द गरिएको थियो। यसैगरी वि.सं. २०७१ असार २ गते राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति गठन गरी नेपाल सरकारको मिति २०७४/२/२ को निर्णयानुसार चुरे संरक्षणको दीर्घकालीन गुरूयोजना स्वीकृत भई सो अनुरूप कार्यक्रम कार्यान्वयन जारी छ। *(क्रमशः)*

एमालेकै नेपाल-खनाल समूह विपक्षी गठबन्धनमा पुगेका कारण संसद पुनर्स्थापना भई र विपक्षी दलका नेता शेरबहादुर देउवा प्रधानमन्त्री बनेको भन्दै ओलीले नेपालसहितको पार्टी एकता असम्भव रहेको सन्देश दिएका हुन्।

सर्वोच्च अदालतको सोमबारको आदेशसँगै नयाँ परिस्थिति विकास भएको भन्दै नेपाल विपक्षी गठबन्धनबाट बाहिरिएका थिए। बुधबार नेपालसँगको भेटमा वामदेव गौतमले भने- सरकारबाट बाहिरिएपछि पनि ओलीको चरित्र र व्यवहारमा सुधार आउन कठिन रहेको सुनाएका छन्। प्रधानमन्त्रीका रुपमा साढे तीन वर्षको कार्यकाल सकेर सरकारी निवास बालुवाटारबाट निजी निवास बालकोट पुगेका ओलीले नेपालसहितको पार्टी एकता असम्भव रहेको बताएर एमाले विवाद झन् चर्किने जनाउ दिएका छन्। दोस्रो तहका दस नेताको सक्रियतामा दस बुँदे सहमति प्रस्ताव बनेको तीन दिनकै बीचमा ओलीले नेपाललाई पार्टीमा कुनै स्थान नदिने बताएका हुन्। नेता नेपालले भने यसबारे कुनै प्रतिक्रिया जनाएका छैनन्।

## भ्रष्टाचारका...

आएकै हुन्। तराईका जिल्लामा रहने प्रहरी प्रशासनले तस्करबाट पैसा उठाउने गरेको कुरा पनि नयाँ होइन। खासगरी नेपाल र भारतको खुला सिमानाको कारणबाट अत्यधिक फाइदा लिने कोही छ भने तस्कर, स्थानीय नेता तथा प्रहरी प्रशासन नै हुन्। यसमा केही अपवादहरू हुन सक्छन्। राम्रो आम्दानी हुने स्थानमा माथिबाट नै सेटिङ मिलाएर सरुवा गर्ने प्रचलन नेपालमा नयाँ होइन। कोही प्रशासकहरू लुकिछिपि विकासका आयोजनाबाट कमिसन जम्मा गर्ने गर्छन्। भने कसैले सिधै तपाईं मात्र पैसा कमाउने हामीलाई चाहिँदैन भनेर माग्ने गरेको पनि सुनियो।

प्रशासकहरूले जिल्लामा भएका विकासको अवलोकन गर्ने, सुधार गर्न सहयोग गर्ने, अपठ्यारो परेमा माथिल्लो निकायबाट सहयोग मागिदिने आदि गर्नुपर्ने जस्ता कार्यहरू प्रायः गरेको देखिएन। धेरैजसो विकासका आयोजना, भन्सार, कर, मालपोत, सडक, सिंचाइ कार्यालय प्रमुखहरूलाई दबाब दिएर केही प्रशासकले रकम असुल्ने गरेका समेत सुनियो। नयाँ वर्ष, दशैं तिहारमा बजार सुरक्षाको लागि गस्ती गर्ने भनेर व्यापारीसँग पैसा उठाउने चलन पनि देखिएको छ। प्रायः सेटिङमा हुने भ्रष्टाचारहरू प्रशासनतर्फ भने आफ्नै शक्तिको आडमा पनि गर्ने गरेको देखिन्छ। यस्ता गुनासाहरू सम्बन्धित निकायमा पुगे पनि बेवास्ता हुने गर्छ किनकि उनीहरू विभिन्न भनसुन र शोर्ष लगाएर नै त्यहाँ आएका हुन्छन्।

लोकतन्त्रको व्यवस्थामा सरकारले राम्रा क्षमतावान इमान्दार व्यक्तिहरूको छनौट गर्नुभन्दा आफ्ना गुटका नजिकका मान्छे, चाकडिवाज, दलाली गर्नेलाई नै पदोन्नति गर्ने गरेका छन्। चलाख प्रशासकहरू प्रायः एउटा न एउटा नेताको पछि लाग्ने गर्छन्। खासगरी काँग्रेस र कम्युनिष्ट नहुनेहरूले अहिले समयमा पदोन्नति हुन तथा नियुक्ति पाउन पनि कठिनाइ हुने गरेको छ। कतिपय प्रशासकहरू बहुदलीय व्यवस्था आउनासाथ सरकारमा भएका दलको पछि लाग्न थालेका देखिए। २०४६ सालमा बहुदलीय घोषणा भइसकेपछि भैरहवामा सरुवा हुनु भएका एकजना सिडियोले आफू विद्यार्थीकालदेखि नै नेवि संघमा आवद्ध भएको ब्यक्ति हुँ भनेको पनि सुनियो। बारा जिल्लामा एकजना सिडियोले सांसदको दबाबमा एकजना भारतीयलाई नागरिकता दिन हाम्रै अगाडि प्रयास गरेको देखियो। पछि फाँटवालाले मिल्दैन भनेपछि उसलाई भोलि बिहान आफ्नै क्वाटरमा बोलाउनु भएको थियो।

केही वर्षअघि बाँके जिल्लामा रहेका सिडियोले नेपाल भारत सिमानामा भारतीयले बनाउन लागेको सडक बनाउन स्विकृति दिएको खबर बाहिर आयो। जसका कारण प्रत्येक वर्षामा नेपाल तर्फको जमिन डुबानमा परिरहन्छ। खासगरी तराईका जिल्लामा रहने प्रशासकहरूले सक्षम निडर भएर सिमानाको सुरक्षा गर्न नसक्दा नेपालको सिमाना जहिले पनि मिचिरहेको छ। अब सीमा सुरक्षा बल पनि सिमानामा तैनाथ भइसकेको अवस्थामा प्रशासकहरू पनि सकृय भएर सिमाना बचाउन लाग्नुपर्छ।

प्रशासकहरू आफ्ना काममा इमान्दार भएर राष्ट्रको हितमा उल्लेखनीय कार्य गर्न नसके पनि आफ्ना भविष्य निर्माण गर्न दलका नेता रिझाउन भने निकै सिपालु पाइयो। त्यही भएर अहिले अख्तियार, लोकसेवा आयोगदेखि धेरै संवैधानिक आयोगहरूमा यिनै वरिष्ठ कर्मचारीको बोलवाला देखिन्छ। तर आफ्नो जिम्मेवारी निभाउन यी व्यक्तिहरू कति सक्षम भए हामीहरूले देखिरहेका छौं। किनभने उनीहरू पनि विभिन्न मोलमोलाईबाट मात्र उच्च ओहोदा र संवैधानिक नियोगहरूमा पुगिरहेका हुन्छन्। यदि अख्तियार प्रमुख मात्र पनि सक्षम र सकृय हुने हो भने ठूला भ्रष्टहरूलाई कारबाही गर्न सक्नुपर्थ्यो।

यी सबैलाई सही ठाउँमा ल्याएर देशलाई अग्रगामी छलाङ लगाउने त सरकार प्रमुख नै हुन्। यदि प्रधानमन्त्री इमान्दार, सक्षम भएर दुरदर्शी सोचका साथ भ्रष्टाचारविरुद्ध कठोर भएर अघि बढ्ने हो भने देशले विकास गर्न कठिन छैन्। प्रधानमन्त्री मात्र पनि इमान्दार भएर अघि बढ्ने हो भने यसको प्रभाव कार्यपालिकादेखि न्यायपालिकासम्म पर्नेछ। भ्रष्टाचार नियन्त्रण गर्न प्रमुख विषय कुनै पनि व्यक्ति संस्थालाई रकम भुक्तान गर्दा या लिंदा इलेक्ट्रोनिक माध्यमबाट गर्ने गर्नुपर्छ। कुनै नगद या चेकको कारबाही गरिनु हुँदैन। अहिले विकसित देशहरूमा कसैले नगद बोकेर हिंडदैनन्। भुक्तानी पनि कार्डको माध्यमबाट गरिन्छ। यसबाट कसैले पनि दायाँबायाँ गर्न सक्तैनन्। नियम कानुन प्रष्ट भइसकेर जनतालाई सचेत बनाउँदै भ्रष्टाचारीलाई अत्यन्त कडा दण्डसजायको व्यवस्था कार्यान्वयन गर्ने हो भने भ्रष्टाचारीमा डर पैदा हुनेछ। त्यस्तै गरेर इलेक्ट्रोनिक माध्यमबाट भुक्तान दिने र लिने व्यवस्था भन्सार, कर, मालपोत, प्रशासन, प्रहरी, अदालत, शिक्षण संस्थान, अस्पताल, संघ संस्था, व्यापारी, एनजिओ लगायत सबैतिर अनिवार्य गर्न सरकार सक्षम भएमा भ्रष्टाचार नियन्त्रण गर्न सजिलो हुनेछ।

अहिलेको देशको राजनीतिक खिचातानी र अस्थिरताले गर्दा नेताहरूले यसतर्फ सोच्ने समय देखिदैन। प्रधानमन्त्री आफ्नो पार्टी एक बनाउन र कुर्सी बचाउनमा नै आफ्नो सम्पूर्ण शक्ति र साधन प्रयोग गर्न थालेपछि विकासको बाटो त झन् पछि पर्ने नै भयो। तैपनि देश निर्वाचनमा गएर त्यसपछि आउने सरकारले यसतर्फ सोच्न सक्यो भने भविष्यमा देशले प्रगति गर्न सक्छ। हामी प्राकृतिक स्रोत साधनमा अत्यन्त सम्पन्न छौं। लाखौं पर्यटक आउने हजारौं सम्भावना हामीसँग छन्। हाम्रा विदेशिएका युवाहरूलाई स्वदेशमै रोजगारका कार्यक्रमहरू दिन सक्यौं यदि हामीले योजनावद्ध तरिकाले गाउँका बाँझा खेतहरूमा सिंचाइ पुऱ्याउने व्यवस्था गर्न सक्यौं भने बाँकी कार्य उनै सिप भएका परिश्रमी युवाहरूले गर्नेछन्। सिर्फ शासकहरूमा इमान्दारिता र प्रतिवद्धता चाहियो। त्यसका लागि असल देशप्रेमी नेतृत्व चाहियो न कि भ्रष्ट र राष्ट्रघाती।

## प्रतिष्ठानद्वारा...

जेठ महिनाको ३० गते दोलखा जिल्ला वैतेश्वर नगरपालिका वडा नं. ७ का कोभिड पीडित जनताको लागि रु. १५ हजारको मास्क, सावुन, स्यानिटाइजर र पिपिइ सेट प्रदान गऱ्यो। त्यसका साथै प्रगतिशील नेवा धवुको संयोजनमा असार ४ गतेका दिन प्रतिष्ठानले काठमाडौंका विभिन्न क्षेत्रमा टहरामा बसेका मजदुर परिवारलाई रु. १० हजारको खाद्यान्न वितरण गऱ्यो। त्यसको अतिरिक्त कन्सोर्टियम नेपालको संयोजनमा मेलम्ची क्षेत्रका बाढीपीडित जनताका लागि भनेर प्रतिष्ठानले असार १२ गते रु. १५ हजार सहयोग प्रदान गरेको छ।

उक्त सबै सहयोग हस्तान्तरण प्रतिष्ठानका अध्यक्ष सुरेन्द्र ढकालले गर्नुभएको थियो। सो अवधिमा सबै गरी प्रतिष्ठानबाट कुल जम्मा रु. ६५ हजार सहयोग गरेको प्रतिष्ठानका अध्यक्ष सुरेन्द्र ढकालले बताउनुभयो।

## ११ महिनामा...

प्रतिशतले घटेको थियो। समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ र वैधानिकीकरण) लिने नेपालीको संख्या ५९.९ प्रतिशतले घटेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या १२.४ प्रतिशतले घटेको थियो। वैदेशिक रोजगारीका लागि पुनः श्रम स्वीकृति लिने नेपालीको संख्या समीक्षा अवधिमा ४७.१ प्रतिशतले घटेको छ।

## मालेले...

संविधानको धारा ७६ (४) को उल्लंघनबाट सृजित कार्य भएकोले सोही आधारमा बदरभागी थियो र सोही आधारमा प्रतिनिधिसभाको पुनर्स्थापना गरिनु संविधान संगत र स्वभाविक न्यायिक कार्य हुने थियो। त्यसपछि सरकार गठनको कार्य संविधान बमोजिम सम्पादन हुने नै थियो। तर सर्वोच्च अदालतको फैसला अस्वभाविक ढंगले आएकोमा हामी विस्मित भएका छौं।

२. प्रम ओलीले धारा ७६ (४) को उल्लंघन गर्दै राष्ट्रपति समक्ष धारा ७६ (५) बमोजिमको सरकार गठन गर्न सिफारिस गर्नु नै असम्वैधानिक रहेको अवस्थामा सर्वोच्च अदालतले ७६ (५) को सरकार गठन सम्बन्धी विवादमा प्रवेश गर्नु नै औचित्यपूर्ण देखिदैन।

३. धारा ७६ (५) को आधारमा नयाँ सरकार गठनको मुद्दामा प्रवेश गरी सर्वोच्च अदालतले मा.शेर बहादुर देउवाले २०७८ को जेठ ७ गते आफ्नो नेतृत्वमा नयाँ सरकार गठन गर्न गर्नु भएको दावीलाई अनुमोदन गर्दै निजलाई असार २९ गतेभित्र प्रधानमन्त्री नियुक्त गर्नुपर्ने परमादेश जारी गरेको छ। त्यसबाट राष्ट्रिय राजनीतिमा धेरै गंभीर प्रश्नहरू उब्जिन पुगेका छन् भन्ने बैठकले ठहर गरेको छ।

४. संविधानसभाले (क) बर्तमान शासकीय स्वरुपलाई "बहुदलीय प्रतिस्पर्द्धात्मक" … "संसदीय शासन प्रणाली" भनेर किटान गरेको छ। (धारा ७४) बर्तमान शासन प्रणालीमा दलको निर्णयलाइ प्राथमिकता दिइएको हुन्छ। (ख) धारा ७६ (५) अनुसार सरकार गठन गर्दा "उपधारा (२) बमोजिमको कुनै सदस्यले प्रतिनिधिसभामा विश्वासको मत प्राप्त गर्ने आधार प्रस्तुत गर्नुपर्ने शर्त राखेको छ, विश्वासको मत प्राप्त गर्ने सांसदको नाम/संख्या होइन। (ग) यहाँ उपधारा (२) को उल्लेख गरेर उम्मेदवारका समर्थक सांसदहरूले आफ्नो दलको समर्थन लिनुपर्ने आवश्यकतालाई औल्याएको छ। सर्वोच्च अदालतको परमादेशले उपरोक्त तीनवटै महत्वपूर्ण बिषयहरूलाई अनदेखा गरेको देखिन्छ, जुन न्यायिक ब्यवसायिकताभित्र पर्दैन। यसबाट बहुदलीय प्रतिस्पर्द्धात्मक प्रणालीको मर्ममै प्रहार हुन पुगेको छ।

५. हिजोआज नेपाली जनता बढ्दो मात्रामा संविधानका कैयौं महत्वपूर्ण प्रावधानहरू र प्रणालीका कैयौं महत्वपूर्ण पक्षहरूलाई आलोचना र बिरोध गरिरहेका छन्। यसमाथि सर्वोच्च अदालतको परमादेशबाट वर्तमान संविधानले बोकेको शासकीय स्वरुपबारे गंभीर प्रश्न थपिन पुगेका छन्। त्यति मात्र होइन, यसबाट राज्यका तीनवटै प्रमुख अंग (ब्यवस्थापिका, कार्यपालिका र न्यायपालिका) बीच असमझदारी र द्वन्द बढ्ने खतरा दृष्टिगोचर हुँदैछन्, जसले वर्तमान संविधान र ब्यवस्थाको निम्ति गंभीर चुनौती थप्नेछन्।

निचोडमा, नेकपा (माले) प्रतिनिधिसभाको पुनर्स्थापनालाई वर्तमान संविधानसँगत देख्तछ तर प्रधानमन्त्री नियुक्त गर्ने परमादेशलाई समर्थन गर्न सक्तैन; बिरोध गर्दछ। संविधान तथा ब्यवस्थाको निम्ति थपिएका चुनौतीहरूप्रति जागरुक बनी आगामी नीति तर्जुमा गर्नु आज हरेक जिम्मेवार दलको दायित्व हो; नेकप (माले) यसो गर्न कृत संकल्पित छ।'

## कोरोनाविरुद्ध...

गरेको समेत पाइएको छ। केही खोप केन्द्रहरूमा खोप लगाएका सर्वसाधारणको विस्तृत विवरण नराखिएको देखिएको छ। खोप लगाउनुअघि आफ्नो रोग र आफूले सेवन गरिरहेको औषधिबारे स्वास्थ्यकर्मीलाई जानकारी गराउनुपर्ने स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ। तर, सो विषय पूर्ण कार्यान्वयन हुन नसकेको पाइएको छ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना केन्द्रका अनुसार खोपको पहिलो मात्रा लगाएपछि गम्भीर एलर्जी भएको व्यक्तिले खोप लगाउन मिल्दैन। यस्तै यो खोपको कुनै तत्वबाट गम्भीर प्रकारको प्रतिक्रिया वा एनाफाइलेक्सिस भएको व्यक्तिले पनि कोरोनाविरुद्धको खोप लगाउन मिल्दैन। स्वास्थ्य मन्त्रालयका अनुसार पहिला अन्य कुनै खोप, सुई, औषधि वा खानेकुराबाट गम्भीर प्रकारको प्रतिक्रिया भएको व्यक्ति, हाल गम्भीर बिरामी भएको वा उच्च ज्वरो आएको व्यक्तिले निको नहुन्जेल खोप लगाउन मिल्दैन। कोभिड-१९ का लागि मोनोक्लोनल एन्टिबडी वा कन्भाल्सेन्ट प्लाज्मा थेरापी उपचार विधि अपनाएका व्यक्तिले ९० दिनपछि खोप लगाउन मिल्ने केन्द्रले जारी गरेको सूचनामा भनिएको छ।